# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक २३ | काठमाडौं | शुक्रबार, ०२ जेठ २०८२ | Prabhab National Daily | Friday, May 16 , 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**गणतन्त्र दिवस, २०८२ भव्यमनाऔं**


गणतन्त्र दिवस (जेठ १५ गते)को अवसरमा विभिन्न कार्यक्रमको आयोजना गरौं ।
लोकतान्त्रिक गणतन्त्रका उपलब्धिलाई संस्थागत गरौं ।
लोकतान्त्रिक अभ्यासलाई मजबुत बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


## सगरमाथा संवाद प्रभावकारी बनाउन जोड

सगरमाथा संवादमा थामेसहितका नेपालका हिमाली क्षेत्रमा देखिएका समस्यालाई प्राथमिकताकासाथ उठाउँछु

**केपी शर्मा ओली**
प्रधानमन्त्री



**प्रभाव संवाददाता**

**काठमाडौं–** शुक्रबारबाट काठमाडौंको सोल्टी होटलमा शुरु हुन लागेको सगरमाथा संवादलाई प्रभावकारी बनाउन सांसदहरूले सुझाव दिएका छन् । प्रतिनिधिसभाको बिहीबारको बैठकमा सांसदहरूले सगरमाथा संवादलाई प्रभावकारी बनाउन सरकारलाई सुझाव दिएको हो ।

बैठकको विशेष समयमा विभिन्न दलका सांसदहरूले सगरमाथा संवादलाई जलवायुजन्य विपद्बाट नेपालले बेहोरिरहेको हानीनोक्सानीका बारेमा वकालत गर्ने महत्त्वपूर्ण अवसर भएको भन्दै यसलाई गम्भीरतापूर्वक सदुपयोग गर्न जोड दिए । कार्यक्रमको पहिलो प्रधानमन्त्री केपी शर्मा ओलीले उद्घाटन गर्नेछन् । स्वागत मन्तव्य परराष्ट्रमन्त्री डा आरजु राणा देउवाले राख्ने कार्यक्रम रहेको छ ।

नेपाल कम्युनिस्ट पार्टी (एमाले)का सांसद ईश्वरी घर्तीले सगरमाथा संवाद जलवायुवित्त उपलब्ध गराउने विषयमा वकालत गर्ने अवसर भएको बताइन् । 'कार्बन उत्सर्जनको विश्व गणनामा नेपालको नगन्य योगदान करिब शून्य दशमलव शून्य तीन प्रतिशत भए पनि हामीले नखाएको विषको असर भोगिरहेका छौं', सांसद घर्तीले भनिन्, 'सगरमाथा संवादमा पर्वतीय राष्ट्रहरूले जलवायुजन्य विपद्बाट बेहोरिरहेका हानीनोक्सानीका बारेमा अन्तरराष्ट्रिय समुदायलाई बुझाउँदै जलवायु न्यायका लागि विकसित देशसँग जलवायुवित्त उपलब्ध गराउने विषयमा वकालत गर्न महत्त्वपूर्ण अवसर भएकाले गम्भीरतापूर्वक सदुपयोग गर्नुपर्छ ।'

आमजनता पार्टीका सांसद प्रभु साहले सगरमाथा संवादमा अन्य देशका उच्चस्तरीय व्यक्तित्वको सहभागिता हुनुपर्नेमा नभएको भन्दै असन्तुष्टि व्यक्त गरे । साहले उक्त संवादलाई प्रभावकारी बनाइनुपर्नेमा जोड दिए । 'विगत छ वर्षदेखि गम्भीरताका साथ तयारी गरिएको यस कार्यक्रममा अन्य देशका उच्चस्तरीय व्यक्तित्वको उपस्थिति नहुँदा हाम्रो देशको विश्वासनियतामा प्रश्न उठेको छ हैन ?,' सांसद साहले प्रश्न गरे ।

प्रधानमन्त्री केपी शर्मा ओलीले सोलुखुम्बुको थामेलगायत क्षेत्रमा जलवायु परिवर्तनले ल्याएको समस्या 'सगरमाथा संवाद' मार्फत सम्बोधन गरिने बताए । बिहीबार थामेमा भएको आरोही सम्मेलन र जलवायु संवादको घोषणापत्रसहितको प्रतिवेदन बुझ्दै प्रधानमन्त्री ओलीले हिमालको फेदीमै पुगेर कार्यक्रम हुनु र समस्या केलाउनु प्रभावकारी काम भएको उल्लेख गरे । 'सगरमाथा संवादमा थामेसहितका नेपालका हिमाली क्षेत्रमा देखिएका समस्यालाई प्राथमिकतासाथ उठाउँछु', प्रधानमन्त्री निवास बालुवाटारमा थामे सम्मेलनको आयोजक संस्था 'साथसाथै फाउन्डेसन'ले तयार पारेको प्रतिवेदन बुझ्दै ओलीले भने ।

शुक्रबारदेखि ३ दिनसम्म नेपाल सरकारले सगरमाथा संवाद आयोजना गर्न गइरहेको पूर्वसन्ध्यामा प्रधानमन्त्री ओलीले हिमालदेखि तराईसम्म जलवायु न्यायका लागि सरकार दृढ हुने धारणा राखे । जलवायु न्यायका क्षेत्रमा काम गर्दै आएको 'साथसाथै' संस्थाले केही साता अघि हिमपहिरोबाट प्रभावित क्षेत्रमा पुगेर अन्तरराष्ट्रियस्तरको सम्मेलन गरेको थियो । वन तथा वातावरण मन्त्रालयसहित तीनै तहका सरकारसँगको सहकार्यमा भएको उक्त सम्मेलनले थामेको पुनःस्थापना, परिपूरण र न्यायका लागि विभिन्न निष्कर्ष निकालेको थियो ।

क्रमशः पृष्ठ २ मा

**टेरामक्स प्रकरण**

# पूर्व सञ्चारमन्त्री मोहन बस्नेतसहित १६ जनाविरुद्ध भ्रष्टाचार मुद्दा

- अख्तियारले बिहीबार ३ अर्ब २१ करोड ८३ लाख ७७ हजार रुपैयाँ बिगो कायम गरी पूर्व सञ्चारमन्त्री मोहन बस्नेतसहित १६ जनाविरूद्ध मुद्दा दायर
- योसँगै प्रतिनिधिसभाको बिहीबारको बैठकमा सभामुख देवराज घिमिरेले बस्नेतको सांसद पद निलम्वनमा परेको जानकारी
- उस्तै मुद्दामा पूर्वसञ्चारमन्त्री ज्ञानेन्द्रबहादुर कार्की र गोकुल बास्कोटालाई भने छुट



**प्रभाव संवाददाता**

**काठमाडौं–** आख्तियार दुरूपयोग अनुसन्धान आयोगले टेरामक्स प्रविधि खरिद प्रकरणमा अनियमितता भएको आरोप लगाउँदै तत्कालीन सञ्चारमन्त्री मोहनबहादुर बस्नेतसहित १६ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ । अख्तियारले बिहीबार ३ अर्ब २१ करोड ८३ लाख ७७ हजार रूपैयाँ बिगो कायम गरी बस्नेतसहित नेपाल दुरसञ्चार प्राधिकरणका अधिकारीहरूविरुद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको हो ।

अख्तियारले तत्कालीन सञ्चारमन्त्री बस्नेतमाथि टेरामक्स खरिदमा नेपाल दूरसञ्चार प्राधिकरणलाई हानीनोक्सानी गराउने पृष्ठभूमि तयार गरेको अभियोग लगाएको छ । 'नेपाल दूरसञ्चार प्राधिकरणमा विचाराधीन रही बजेट तथा कार्यक्रममा समावेश गर्ने निर्णय नभइसकेको विषय इन्टरनेसनल कल मोनिटरिङ र भीओआइपी नियन्त्रणका लागि उपयुक्त उपकरण र प्रणाली (पछि टेरामक्स भनिएको) सञ्चालन गर्ने भन्ने कार्यक्रमलाई नेपाल दूरसञ्चार प्राधिकरण नियमावली, २०५४ को दफा ३४ (ग) को आशयविपरीत तत्कालीन मन्त्रीले पदीय अधिकारको दुरूपयोग गरी एकलौटी रूपमा आर्थिक वर्ष २०७४/७५ को वार्षिक कार्यक्रममा प्राधिकरणले प्रस्ताव नगरेको थप कार्यक्रम समावेश गरी नेपाल दूरसञ्चार ऐन, २०५३ ले गठन गरेको स्वायत्त संस्था प्राधिकरणको अधिकारलाई हस्तक्षेप गरी प्राधिकरणलाई हानिनोक्सानी गराउने पृष्ठभूमि तयार गरेको,' आरोपपत्रमा उल्लेख छ ।

त्यसैगरी मन्त्रिपरिषद्लेमात्र प्रयोग गर्न पाउने अधिकारको अपव्याख्या गरी अन्तरराष्ट्रिय कल नियन्त्रणका लागि उपयुक्त उपकरण सञ्चालन गर्ने भनी निर्देशन दिएर भ्रष्टाचार गरेको आरोपपत्रमा उल्लेख छ ।

क्रमशः पृष्ठ २ मा

### कार्की र बास्कोटालाई उन्मुक्ति !





टेरामक्स प्रकरणमा १६ जनाविरुद्ध मुद्दा चलाए पनि अख्तियारले बयानसमेत लिएका पूर्वमन्त्री ज्ञानेन्द्रबहादुर कार्की र गोकुल बास्कोटालाई भने उन्मुक्ति दिएको छ । टेरामक्स खरिद प्रक्रियामा मन्त्री कार्कीले खरिद सम्झौता गरेका थिए ।

पहिलेकै निर्णय प्रक्रिया अघि बढाएकाले उनी दोषी हुने प्रमाण नभेटिएको बताइएको छ । पूर्वमनत्ती बास्कोटाको पनि यो प्रक्रियामा दोषी हुने कुनै प्रमाण नभेटिएको भनिएको छ । २०७४ असोज २० गते अन्तरराष्ट्रिय बोलपत्र आह्वान गरेकामा २०७५ पुस ३ गते प्राधिकरणले भेनराइज सोलुसनलाई छनोट गरेको थियो । त्यसलगत्तै मिलेमतोमा ठेक्का दिइएको भन्दै उजुरी परेपछि अख्तियारले ठेक्का प्रक्रिया रद्द गर्न पत्रसमेत पठाएको थियो ।

क्रमशः पृष्ठ २ मा

### यी १६ व्यक्ति र कम्पनी जसविरुद्ध दर्ता भयो मुद्दा

१. मोहनबहादुर बस्नेत- तत्कालीन सञ्चारमन्त्री
२. दिगम्बर झा- प्राधिकरणका तत्कालीन अध्यक्ष
३. पुरुषोत्तम खनाल- प्राधिकरणका तत्कालीन अध्यक्ष
४. धनराज ज्ञवाली- प्राधिकरणका सदस्य
५. टीकाप्रसाद उप्रेती- सदस्य
६. विजयकुमार राय- प्राधिकरणका तत्कालीन निर्देशक
७. रेवतीराम पन्थ- उपनिर्देशक
८. सुरेश बस्नेत - उपनिर्देशक
९. हिरण्यप्रसाद बस्ताकोटी- उपनिर्देशक
१०. अच्युतानन्द मिश्र- उपनिर्देशक
११. सुरेन्द्रलाल हाडा- निर्देशक
१२. दिपेश आचार्य- निर्देशक
१३. सन्दीप अधिकारी- उपनिर्देशक
१४. परामर्शतादा भानराइज सोलुसन र सोका सिइओ जमल अनोती
१५. कनेक्टेड ट्रेड लिंक प्रालि र सोका अध्यक्ष दिलिप गुरूङ
१६. कनेक्टेड ट्रेड लिंक प्रालि र सोका निर्देशक तेजप्रसाद खरेल

**सन्दर्भः वैदेशिक रोजगार**

श्रम मन्त्रालयको बेरूजु ३ करोड ५३ लाख बढी

# श्रमिकको कल्याणकारी कोषदेखि व्यवसायीको धरौटी दूरूपयोग

- मन्त्रालयद्धारा विनियोजित बजेटको ५८.०७ प्रतिशत खर्च
- विप्रेषण प्राप्तिलाई सस्तो, सुलभ र व्यवस्थित बनाउन सुझाव
- व्यवसायीको धरौटी वापतको रकम सवारी खरिददेखि विदेश भ्रमणमा प्रगोग
- वैदेशिक रोजगार कल्याणकारी कोषको रकम मेला व्यवस्थापनदेखि कर्मचारीको विदेश भ्रमणमा प्रयोग



**ममता थापा**

**काठमाडौं–** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको बेरुजु ३ करोड ५३ लाखभन्दा बढी देखिएको छ । महालेखा परीक्षकको कार्यालयले बुधबार सार्वजनिक गरेको आर्थिक वर्ष २०८०/८१ को लेखापरीक्षण प्रतिवेदन अनुसार यस्तो बेरुजु देखिएको हो ।

मन्त्रालय अन्तर्गतका १२ वटा सरकारी कार्यालयमा चार करोड ३० लाख ६२ हजार बेरुजु देखिएकोमा प्ररम्भिक प्रतिवेदन उपलब्ध गराएपछि ७६ लाख ९४ हजार फस्यौंट भएको थियो । फस्यौंट हुन बाँकी रकम ३ करोड ५३ लाख ६८ हजार रहेको छ । सोमध्ये म्याद नाघेको पेश्की २७ लाख २८ हजार रहेको प्रतिवेदनमा उल्लेख छ ।

मन्त्रालय अन्तर्गतका विभिन्न निकायमा देखिएका अनियमितता औंल्याउँदै महालेखाले त्यसलाई सुधार्न निर्देशन दिएको छ । वैदेशिक रोजगारीबाट प्राप्त हुने विप्रेषणलाई सस्तो र सुलभ ढंगले प्राप्त गरी यसको परिचालनलाई व्यवस्थित गर्नुपर्ने प्रतिवेदनमा उल्लेख गरिएको छ । आर्थिक वर्ष ८०/८१ मा १४ खर्ब ४५ अर्ब विप्रेषण मुलुकमा भित्रिएको थियो ।

वैदेशिक रोजगार विभागमा अनलाइन प्रणाली सुरु भएपछि फारम भर्न शुल्क लिने र आवश्यक कागजात नभएपनि निवेदन गरिदिनेजस्ता कारणले सेवाग्राही मर्कामा परेको महालेखाले जनाएको छ । विभागलाई अनलाइन सेवा शुल्कमा एकरूपता ल्याउन, सेवा प्रदायकहरू अनिवार्य रूपमा दर्ता हुनुपर्ने, तोकिएभन्दा बढी सेवाशुल्क नलगाउन र आवश्यक कागजात भए निवेदन गर्न मिल्ने प्रणालीलाई व्यवस्थित गर्न निर्देशन दिएको छ । विभागले सञ्चालनमा ल्याएको वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली(फेमिस) कर्मचारीले जुनसुकै आइपी एड्रेसबाट सञ्चालन गरेको पाइएकाले कार्यालयको आइपी एड्रेसबाट मात्र संञ्चालनको व्यवस्था मिलाउन भनेको छ । कर्मचारीले श्रम स्वीकृतिसम्बन्धी सिफारिस, प्रमाणित तथा स्विकृत गर्ने काम कार्यालय समयभन्दा बाहिर अनधिकृत आइपी एड्रेसबाट गर्दा अनियमितता हुने र सूचनाको सूरक्षामा जटिलता हुने महालेखाले औंल्याएको छ ।

वैदेशिक रोजगारीका लागि प्रमुख सात गन्तव्य मुलुक जाँदा कामदारको भिजा तथा टिकटको खर्च रोजगारदाताले गर्नुपर्ने निर्णय २०७२ असार २१ मा भएको थियो । यसलाई कार्यान्वयन गर्न सर्वोच्च अदालतले २०७५ पुस १८ गते निर्देशनात्मक आदेश दिएको थियो ।

क्रमशः पृष्ठ २ मा




पृष्ठ १ बाट क्रमशः

## पूर्व...

'भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १५ बमोजिमको कसुरजन्य कार्य गरेकोले निज उपर सोही ऐनको दफा १५ बमोजिम कैद र जरिवाना समेतको मागदाबी र सोही ऐनको दफा २४ बमोजिम थप सजाय हुन समेत मागदाबी लिइएको,' आरोपपत्रको पहिलो बुँदामै उल्लेख छ। योसँगै प्रतिनिधि सभाका सांसदसमेत रहेका बस्नेतका पद निलम्बनमा परेको छ । प्रतिनिधिसभाको बिहीबारको बैठकमा सभामुख देवराज घिमिरेले बस्नेत पद निलम्वन भएको पत्र पढेर सुनाएका थिए । सिन्धुपाल्चोक क्षेत्र नम्बर २ बाट २०७९ को निर्वाचनमा निर्वाचित बस्नेत नेपाली कांग्रेसका नेता हुन् ।

मन्त्री बस्नेतकै नेतृत्वमा प्राधिकरणको वार्षिक बजेट र कार्यक्रमवारे छलफल भएको थियो । त्यसपछि प्राधिकरणले बजेट र कार्यक्रम स्विकृत गर्ने प्रस्ताव मन्त्रालयमा पठाएको थियो । २०७४ भदौ २३ मा मन्त्री बस्नेतले दुरसञ्चार प्राधिकरणको वार्षिक बजेट स्वीकृत गरिएको भनी लेखेका छन्। यसैगरी प्राधिकरणका तत्कालीन अध्यक्ष दिगम्बर झा र पुरुषोत्तम खनाल, प्राधिकरणका तत्कालीन सदस्य धनराज ज्ञवाली र टीकाप्रसाद उप्रेती, प्राधिकरणका निर्देशक विजयकुमार राय, उपनिर्देशक रेवतीराम पन्थ, उपनिर्देशक सुरेश बस्नेत, उपनिर्देशक हिरण्यप्रसाद बस्ताकोटी र उपनिर्देशक अच्युतानन्द मिश्रविरुद्ध पनि ३ अर्ब २१ करोड ८३ लाख ७७ हजार रूपैयाँ बिगो कायम गरिएको छ । यस्तै प्राधिकरणका निर्देशक सुरेन्द्रलाल हाडा, निर्देशक दिपेश आचार्य र उपनिर्देशक सन्दिप अधिकारीलाई पनि प्रतिवादी बनाइएको छ ।

अख्तियारले भेन्डर कम्पनी भ्यानराइज सोल्युसन्स् एसएएल (अफ्सोर) र त्यस कम्पनीका प्रमुख कार्यकारी अधिकृत जमल अनौटी, एसएएलको स्थानीय एजेन्ट कनेक्सन ट्रेड लिंक प्रालि र त्यसका अध्यक्ष दीलिपकुमार गुरुङ तथा निर्देशक तेजप्रसाद खरेजविरुद्ध पनि मुद्दा दायर गरेको छ ।

चुडालको इजलासले ठेक्का अघि बढाउने गरी २०७८ वैशाख १४ गते आदेश दिएका थिए । त्यसपछि टेरामक्स कार्यान्वयन प्रक्रिया अघि बढेकोमा २०८० पुस ११ गते बसेको लेखा समिति बैठकले दूरसञ्चार प्राधिकरणलाई टेरामक्स खरिद प्रक्रियासँगै कार्यान्वयन र जडान प्रक्रिया रोक्न निर्देशन दिएको थियो ।

तत्कालीन सञ्चार सचिव वैकुण्ठ अर्यालले २०७८ कात्तिक २२ मा पूरक बजेट मन्त्रीसमक्ष पठाउने राय लेखेकोमा सोही आधारमा कात्तिक २५ गते तत्कालीन सञ्चारमन्त्री कार्कीले बजेट प्रस्ताव स्वीकृत गरेका थिए ।

■■■

## कार्की र...

तर ठेक्का पाएको कम्पनी सर्वोच्च अदालत गई ठेक्का रद्द नगर्न आदेश ल्याएपछि ठेक्का अगाडि बढेको थियो । त्यतिबेला प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबरा र न्यायाधीश डा कुमार

## सगरमाथा...

प्रतिवेदन बुझाउँदै 'साथसाथै'का अध्यक्ष प्रजिता कार्कीले नेपाललाई जलवायु न्याय दिलाउनका लागि अन्तरराष्ट्रिय रूपमा पहलकदमी गर्न प्रधानमन्त्री ओलीले देखाएको तदारुकता प्रशंसनीय भएको बताए । थामे सम्मेलनलाई सरकारले सगरमाथा संवादको प्रि-इभेन्टका रूपमा मान्यता दिएको थियो । सगरमाथा संवादको पूर्वसन्ध्यामा उक्त सम्मेलन परिणाममुखी हुने भन्दै प्रधानमन्त्री ओलीले लिखित सन्देशसमेत पठाएका थिए ।

अध्यक्ष कार्कीको नेतृत्वमा भएको आरोही सम्मेलनमा कतारकी राजकुमारी आश्मा अल थामीसहित चर्चित सगरमाथा आरोही र जलवायु विज्ञ समेत सहभागी भएका थिए । थामेमा रक्षामन्त्री मानवीर राई र वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही ठकुरीसमेत सहभागी थिए । सम्मेलनले थामेसहित जलवायुपीडित खुम्बु क्षेत्रको न्यायमा केन्द्रित रहेर पाँचबुँदे घोषणापत्र जारी गरेको थियो ।

'थामेमा गरिएको कार्यक्रम सगरमाथा संवादप्रति स्थानीय सहभागितासहितको सन्देश हो, जुन नीतिगत संवादसँग जोडिएको छ । यसले जलवायु संकटको समाधान केबल सम्मेलनमा मात्र होइन, स्थानीयस्तरमा पनि खोजिनुपर्छ,' उक्त प्रतिवेदनमा उल्लेख छ ।

अध्यक्ष कार्कीले सरकार र समुदायबीच सेतु बन्ने उद्देश्यअनुसार थामेमा कार्यक्रम गरिएको र आगामी दिनमा सरकारी नीति तथा जनताको आवाजलाई सँगसँगै अघि बढाउने गरी काम गर्ने बताए । तीन दिनसम्म चल्ने 'सगरमाथा संवाद २०२५' घोषणा गर्दै सकिने छ । घोषणापत्रा सार्वजनिक गर्नुअघि आइतबार बिहान आमन्त्रित पाहुनाका लागि सगरमाथा हिमालको माउन्टेन फ्लाइट गरिने तयारी रहेको छ ।

■■■

## श्रमिकको...

तर यसको कार्यान्वयन प्रभावकारी नभएको भन्दै भिजा र टिकट प्राप्ति सहज र मितव्ययी बनाउन सुझाव दिएको छ । विभागले इजाजतप्राप्त व्यवसायीको धरौटीवापतको रकम ४ अर्ब ३३ करोडको ब्याजवापत २६ करोड ६६ लाखमध्ये ५ करोड १५ लाख ८७ हजार वैदेशिक रोजगार व्यवसाय कोषमा जम्मा गरेको छ। उक्त रकम व्यवसायीको क्षमता अभिवृद्धि, कल्याणकारी काम र अध्ययन अनुसन्धानमा लगाउनपर्नेमा सवारी साधन खरिदमा ५२ लाख ९९ हजार, विविध खर्चमा १२ लाख १३ हजार र विदेश भ्रमणमा २२ लाख ११ हजार खर्च गरेको पाइएको छ ।

रोजगारीमा जानेले शर्तअनुसार रोजगारी नपाए उजुरी दिँदा क्षतिपूर्ति पाउनुपर्ने व्यवस्था छ । विभागमा परेका कुल उजुरीमध्ये ४९.५८ प्रतिशत फर्स्यौट हुँदा मागदाबीको १७.५७ प्रतिशतमात्र क्षतिपूर्ति निर्धारण हुनेगरी निर्णय भएको उल्लेख गरेको छ । बाँकी उजुरीको बिगो खुलाइ निर्णय कार्यान्वयनमा शीघ्रता ल्याउन निर्देशन दिएको छ ।

दक्षिण कोरियाबाहेक अन्य मुलुक जाने कामदारले पन्ध्र सय रूपैँया वैदेशिक रोजागार बोर्डको खातामा जम्मा गर्नुपर्छ । यसरी जम्मा गर्दा सात लाख २९ हजार ३९६ जनाको एक अर्ब नौ करोड ४० लाख भन्दा बढीको श्रेस्ताकागज बोर्डले तयार नगरेको भेटिएको छ । बोर्डले वैदेशिक रोजगार कल्याणकारी कोषको रकमसमेत दूरूपयोग गरेको पाइएको छ । उक्त रकम वैदेशिक रोजगारीमा जाने या गएका कामदारकै हितमा प्रयोग गर्नुपर्नेमा नेपाली राजदूतावास अबुधावीलाई मेला व्यवस्थापन र व्यवसायी संघ, संघ संगठनका प्रतिनिधिलाई भ्रमण खर्चबापत ३३ लाख १६ हजार, मेलामा सहभागी कर्मचारीको भ्रमण खर्चमा १८ लाख २७ हजार, विद्युतीय कार खरिद गर्न ७९ लाख ४० हजार, दूतावासका सवारीसाधन मर्मत गर्न २३ लाख ९८ हजार र नियोगमा कर्मचारी नियुक्ती गर्न २ करोड ५७ लाख २८ हजार खर्च गरेको भेटिएको छ ।

इपिएस शाखाले पोशाक खरिद गर्दा बोलपत्रमार्फत खरिद गरेको पोशाक सोझै खरिद गरेको भन्दा बढी देखिएको छ । त्यसैगरी कोरिया जाने श्रमिकका लागि टिकट खरिदमा समयमा ठेक्का व्यवस्थापन नगर्दा श्रमिकलाई बढी व्ययभार परेको भन्दै सम्बन्धित कर्मचारीलाई जिम्मेवार बनाउनसमेत महालेखाले निर्देशन दिएको छ ।

वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिका लागि स्वीट्जरल्यान्ड सरकारको सोझै भुक्तानी अनुदानबाट पुनः एकीकरण परियोजना र रोजगार प्रवर्धन कार्यक्रममा ४४ करोड १२ लाख ५० हजार खर्च गरेपनि यसको लेखापरीक्षण पेश भएको देखिँदैन । अर्थ मन्त्रालय र स्वीट्जरल्यान्ड सरकारबीच २०७५ भदौ २० गते भएको सम्झौताअनुसार सबै प्रकारका आम्दानी र खर्चहरूको लेखापरीक्षण गराउनुपर्ने प्रावधान भएपनि सो बमोजिक नभएको प्रतिवेदनमा उल्लेख छ ।

प्रतिवेदनअनुसार मन्त्रालयले कुल विनियोजित बजेटको ५८.०७ प्रतिशत खर्च गरेको छ । यो अवधिमा १८ अर्ब ७५ करोड ५६ लाख रूपैयाँभन्दा बढी विनियोजन भएकोमा १० अर्ब ८९ करोड १३ लाख खर्च भएको छ । जसमा श्रम मन्त्रालयको वित्तिय प्रगति ७०.५९ प्रतिशत छ । वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिको पहिलो चरणको एकीकरण पुनः एकीकरण योजनामा ७२.९७ प्रतिशत, वैदेशिक रोजगार विभागले ८४.२९ प्रतिशत र वैदेशिक रोजगार बोर्डले ९८.२१ प्रतिशत खर्च गरेको छ ।

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८२/०२/०२**

**प्रिमियर ईन्टरनेशनल स्कुल काठमाडौं** को मिति २०८२/०१/१२ गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **सिजालिम स्कुल काठमाडौं (दर्ता नं.: १३०६९३)** कायम गर्ने गरी मिति २०८२/०१/२१ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### कम्पनीको नाम परिर्वतन गरिएको सूचना

**पहिलो पटक प्रकाशित मितिः २०८२/०२/०२**

यस कम्पनीको मिति २०८०/०२/३१ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **इन्फोसिस् म्यानेजमेन्ट सर्भिस प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **लिड म्यानेजमेन्ट सर्भिसेस प्रा.लि.** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८०/०२/३२ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **लिड म्यानेजमेन्ट सर्भिसेस प्रा.लि.**(प्रा.लि.नं.२५९५४७) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराईन्छ ।

# बिदामा पनि पठनपाठन गर्न शिक्षा मन्त्रालयको अनुरोध

**काठमाडौं (प्रस)–** शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलले विद्यालयको अनुकूलताअनुसार हिउँदे अथवा वर्षे बिदाको अवधिमा पनि पठनपाठन गर्न सामुदायिक विद्यालयलाई अनुरोध गरेको छ। मन्त्रालयले विज्ञप्ति जारी गर्दै २०८१ चैत महिनामा सञ्चालन गरिएको शिक्षक तथा कर्मचारीको काठमाडौं केन्द्रित आन्दोलनका कारण सामुदायिक विद्यालयका विद्यार्थी भर्ना एवं पठनपाठनलगायत कार्यमा असर पर्न गएको भन्दै यस्तो अनुरोध गरेको जनाएको छ।

मन्त्रालयले महासंघको प्रतिबद्धतासमेतका आधारमा आवश्यक व्ययस्था मिलाउन सम्पूर्ण सामुदायिक विद्यालयलाई अनुरोध गरेको उल्लेख गरेको छ। 'पेसागत आन्दोलनका कार्यक्रममा शिक्षक तथा कर्मचारीको सहभागिताका कारण विद्यालयमा अनुपस्थितिलगायतका सवालको व्यवस्थापन गर्दै शिक्षकको मनोबल उच्च राख्दै विद्यालयको प्रशासकीय प्रबन्ध मिलाउन वाञ्छनीय भएकाले यस्तो आग्रह गरिएको हो,' विज्ञप्तिमा उल्लेख छ ।


**साउदीमा रोजगार** कम्पनी : KHAZNA MUHAMMAD AL-BUAIT CONTRACTING CO.

पूर्व स्वीकृति मिति : २०८२/०१/३१ | LT. No. 323513 | चलानी नं. ६०२३७८२८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 1 | 0 | 1800 | ६५,५१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : KHAZNA MUHAMMAD AL-BUAIT CONTRACTING CO.

पूर्व स्वीकृति मिति : २०८२/०१/३१ | LT. No. 323514 | चलानी नं. ६०२३७८२९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 1 | 0 | 1800 | ६५,५१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Restaurant Marzouq AbdulRahman Masoud al-otaibi

पूर्व स्वीकृति मिति : २०८२/०१/३१ | LT. No. 322780 | चलानी नं. ६०२३७८३०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | kitchen tool cleaning worker | 1 | 0 | 1000 | ३६,३९४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ जेठ ९ गते (23rd May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

International Govt. License No. 706/064/065
INTERNATIONAL TRADE LINKS NEPAL PVT.LTD.
KMC-4, Dhumbarahi, Kathmandu, Nepal, Tel: +977-1-4970669
E-mail : info@itlnepal.com, nir@itlnepal.com, Web: www.itlnepal.com



**कुवेत/साउदीमा रोजगार** कम्पनी : K4 General Trading & Contracting Co.

पूर्व स्वीकृति मिति : २०८२/०१/३१ | LT. No. 323778 | चलानी नं. ६०२३७७३५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 15 | 0 | 90 | ३९,९६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Al Mawarid Human Resources Company

पूर्व स्वीकृति मिति : २०८२/०२/०१ | LT. No. 323597 | चलानी नं. ६०२३७८२५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 3 | 0 | 1000 | ३६,३९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ जेठ ९ गते (23rd May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


All Asia Overseas Pvt.Ltd
Ratopul, Gaushala-7, Kathmandu, Nepal
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com
श्रम इजाजत नं. १३०५/०७४/०७५



**कुवेतमा रोजगार** कम्पनी : Dallah Arabian Co. for General Trading & Contracting

पूर्व स्वीकृति मिति : २०८२/०२/०१ | LT. No. 323707 | चलानी नं. ६०२३७८०६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners (Indoor) | 100 | 78 | 90 | ३९,९६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ जेठ ९ गते (23rd May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Index Recruitment Pvt. Ltd.
Chabahil - 7, Kathmandu, Nepal,Tel No. +977-01-5911443 Mo.NO. 9813850986, 9814269669
E-mail : info@indexrecruitment.com.np ,www. www.indexrecruitment.com.np
श्रम इजाजत नं. 1543/078/079



**साउदीमा रोजगार** कम्पनी : Sahar Alrfaheyah Company for Hotel Services

पूर्व स्वीकृति मिति : २०८१/08/03 | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०२/०१ | LT. No. 307678 | चलानी नं. ६०२२२४१०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hotel Housekeeping worker | 1 | 0 | 1200 | ४३,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ जेठ ९ गते (23rd May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Career International Services (P.) Ltd.
License No. : 646/063/064
धुम्बाराही, पिपलबोट, काठमाडौं, फोन : ४००९६४१, ४००९६४३, Email : info@career-intl.com, Website : www.career-intl.com



**कुवेतमा रोजगार** कम्पनी : THE WELL COMPANY FOR HEALTHY MEALS | शहर : Kuwait

पूर्व स्वीकृत मितिः २०८२/०२/०१ | चलानी नं.: ६०२३७७६४ | LT. No.: 323859

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter | 5 | 0 | सम्बन्धित काममा दक्ष | 120 | ५३,२७८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Pizza Maker | 3 | 0 | | 150 | ६६,५९७ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ जेठ ९ गते (23 May 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्वन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निः शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

MAHA INTERNATIONAL HR SOLUTION PVT. LTD.
Gov. Lic No. 1746 /081/82
Airport Kalimatidol, Kathmandu | Tel: +977 01 5923308
Mob.: 9813768590,9802390077 | Email: mahainfo59@gmail.com


### मोटरसाईकल हराएको सूचना

मिति २०८२/०१/१२ गते अ.२०:०० बजे देखि २२:०० बजेको समयमा का.जि.का.म.पा-३१ आलोकनगर स्थित बाग्मती करिडोर मकैघर नजिक पाकिङ्ग गरेर राखेको प्र.१-०२-०५३प६०२२ को कालो रातो रङ्गको २२० सिसिको निम्न व्यहोरा भएको बजाज पल्सर मोटरसाईकल हराएको हुदाँ पाउनु हुने महानुभावले निम्नठेगाना वा नजिकैको प्रहरी कार्यालयमा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

**सवारी धनीः हुलास फिन सर्भ लि**

**सवारी चलाउनेको नामः जीवन परियार**
**ईन्जिन नं.:DKXCHM38878**
**च्यासिस नं.:MD7A13EX9NCM84596**
**सम्पर्क नं.:9746994477**

## क्षीरेश्वरनाथ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**महेन्द्रनगर, धनुषा**
**मधेश प्रदेश, नेपाल**

### सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मिति : २०८२/०२/०२**

यस कार्यालयबाट प्रथम पटक आव्हान गरेको तपसिल अनुसारको ठेक्काको सिलबन्दी दरभाउपत्र सूचना अनुसारमा रितपूर्वक दर्ता भई म्याद भित्र प्राप्त हुन आएका बोलपत्रहरु मध्ये उल्लेखित बोलपत्र न्यूनतम् मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भएकोले स्वीकृतको लागि छनौट भएको हुदा सार्वजनिक खरिद ऐन बमोजिम प्रयोजनार्थ यो सूचना सम्बन्धित बोलपत्रदाता तथा सबैको जानकारीको लागि प्रकाशित गरिएको छ ।

| सि. न. | बोलपत्र नं.र योजना को नाम | बोलपत्र स्वीकृत भएको बोलपत्रदाता र फर्म को नाम , ठेगाना | कबोल रकम | कैफियत |
|---|---|---|---|---|
| १ | Kmo/ncb/works/04/ 2081-82 | B.S.R.R.A construction And Suppliers pvt. ltd | 6950910.00 | |

**प्रमुख प्रशासकीय अधिकृत**

### मूल्य सूचीको सूचना !

यस रिलायन्स सुगर एण्ड **केमिकल ईण्डष्ट्रिज प्रा.लि.**बाट उत्पादित निम्न स्प्रीट तथा ई.एन.ए.मिति २०८२/०२/०२ गतेदेखि कारखाना रेट (Ex-Factory) मूल्यमा बिक्री गरिने भएकोले सबैको जानकारीका लागि यो मूल्य सूची प्रकाशित गरिएको छ । यस मूल्यमा अन्तःशूल्क तथा मु.अ.कर समावेश छैन ।

१. Rectified spirit (Rs) प्रतिलिटर रु.११०/-
२. Extra Neutral Alcohal (ENA) प्रतिलिटर रु.१२०/-
३. Denature Spirit (DS) प्रतिलिटर रु.१०/-

**रिलायन्स सुगर एण्ड केमिकल ईण्डष्ट्रिज प्रा. लि.**
कलैया उपमहानगरपालिका वडा नं.२४, बारा

### कर्मचारी नरहेको सूचना

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त यस **Bigyan H.R. Management Pvt.Ltd.** इजाजत नम्बर १५०३/०७४/७५ मा कार्यरत निम्न कर्मचारी हाल यस कार्यालयबाट राजीनामा दिई कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ । निजसँग यस प्रा.लि.को नाममा बैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दावी विरोध भएमा ७ (सात) दिनभित्र यस प्रा.लि. मा वा बैदेशिक रोजगार कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| SN | NAME | CITIZENSHIP NO. |
|---|---|---|
| 1 | Mamata Sitaula | 25-01-77-02972 |
| 2 | Anup Chalise | 27-01-73-00281 |
| 3 | Sabina Adhikari | 27-01-72-06071 |
| 4 | Dipa Poudel | 19-06-75-02659 |
| 5 | Kabita Karki | 211005/21624 |

LIC. 1503/074/75
BIGYAN HR MANAGEMENT PVT. LTD.
Chandol - 4 Chapalkharkhana, Kathmandu, Tel.-014522477, 014523477

## हल्दीबारी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**जलथल, झापा**
**कोशी प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मिति : २०८२।०२।०२**

यस गाउँपालिका अन्तरगत तपसिल निर्माण कार्यका लागि मिति २०८१/१२/२९ मा प्रकाशित बोलपत्र/ ठेक्का आव्हानको सूचना अनुसार तपसिल बमोजिमको शिलबन्दी बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही ठहर भइ स्वीकृत गरिने भएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) तथा दफा ४७ को प्रयोजनार्थ सम्बन्धीत सबै सरोकारवालाहरुको जानकारीका लागि यो ७ दिने सूचना प्रकाशित गरिएको छ ।

| क्र स | ठेक्का नं | योजनाको नाम | स्वीकृतिको लागि छनौट भएको बोलपत्र दाताको विवरण | घटी कबोल गरेको रकम रु ( मु. अ. कर समेत) |
|---|---|---|---|---|
| 1 | HRM/WORKS/ ROAD/NCB/ 23-081/082 | Construction of Roadway Works using Pavers at ward no 5 of Haldibari Rural Municipality | Shiv Shivalaya Construction Pvt Ltd, Birtamode-4, Jhapa | 1,08,35,386.55 |
| 2 | HRM/WORKS/ ROAD/NCB/ 24-081/082 | Construction of Slab Culverts & River Training Works at Different Location Of Haldibari Rural Municipality | Denish and Denisha nirman sewa, Kankai-3, Jhapa | 43,38,177.61 |

# सर्वोच्चले निरन्तरता दिए पाथीभरा केबलकारको काम रोक्ने आदेश

■ जेबी योञ्जन

» न्यायाधीशद्वय नहकुल सुवेदी र अब्दुल अजिज मुसलमानको संयुक्त इजलासले उल्ट्यायो न्यायाधीश सारंगा सुवेदीको अघिल्लो आदेश

» पाथीभरा केवलकार निर्माणको विरोध जारी

**काठमाडौं–** आफ्नै अल्पकालीन आदेशलाई सर्वोच्च अदालतले निरन्तरता नदिएपछि ताप्लेजुङको मुक्कुम्लुङ (पाथीभरा)मा रोकिएको केबलकार निर्माण कार्य अगाडि बढ्ने भएको छ ।

आदिवासी लिम्बू समुदायले मुन्धुमीस्थलमा केबलकार बनाउन नहुने भन्दै विरोध गरेका थिए । उनीहरू रिट लिएर सर्वोच्च अदालतसम्म पुगेका थिए । तर, बुधबार सोही मुद्दामा न्यायाधीशद्वय नहकुल सुवेदी र अब्दुल अजिज मुसलमानको संयुक्त इजलासले यसअघिको अल्पकालीन आदेशलाई निरन्तरता नदिने आदेश गरे । यो आदेशसँगै केबलकार निर्माणको बाटो खुलेको हो ।

यसअघि न्यायाधीश सारंगा सुवेदीको एकल इजलासले अल्पकालीन अन्तरिम आदेश जारी गरेको थियो । उक्त आदेशसँगै केबलकार निर्माणको काम रोकिएको थियो । अब बुधबारको निर्णयसँगै केबलकार निर्माणले निरन्तरता पाउने भएको हो ।

रिट निवेदक यामबहादुर लिम्बूसमेत आठ जना छन् । उनीहरूले पाथीभरा देवी दर्शन केवलकार प्रालिलगायतलाई विपक्षी कायम गरी ७ चैत २०८१ मा सर्वोच्चमा रिट दायर गरेका थिए । उक्त रिटमा निवेदकको तर्फबाट अधिवक्ता प्रेमचन्द्र राई, लवन न्यौपाने, पदमबहादुर श्रेष्ठ र विनोदमणि भट्टराईले बहस गरेका थिए । विपक्षी पाथीभरा देवी दर्शन केबलकार प्रालिको तर्फबाट वरिष्ठ अधिवक्ता शम्भु थापा, रमण श्रेष्ठ, सतिशकृष्ण खरेललगायतले बहस गरेका थिए ।

केबलकार निर्माण विषयलाई लिएर पहिचान पक्षधरहरूले ताप्लेजुङमा गएर विरोध गरेका थिए । त्यसबेला झडप पनि भएको थियो । आन्दोलनकारी र प्रहरी दुवैतर्फ घाइते भएका थिए । आन्दोलनरत पहिचान पक्षधरहरूले भने सरकारले दमन गरेको बताउँदै आएका छन् । उक्त घटनाले पनि तनाव चुलिएको थियो ।

पहिचान पक्षधरहरूको एक सुत्रीय माग केबलकार परियोजना खारेजी हो । तर, सरकार खारेजभन्दा पनि निर्माण गर्नेतिर अघि बढेको छ । अझ बुधबारको सर्वोच्च अदालतको आदेशले सहज भएको छ ।

आन्दोलनमै रहेका किरात याक्थुङ चुम्लुङका अध्यक्ष तथा उपप्राध्यापक प्रेम एक्तेन न्यायालयको फैसलाउपर टिप्पणी गर्न नचाहेको तर मुक्कुलुङमा केबलकार सतप्रतिशत गलत भएको बताउँछन् । 'त्यो हाम्रो मुन्धुमी भूमि हो, जहाँ हाम्रो आस्था छ । त्यही मुन्धुमीस्थलमा केबलकार निर्माण गर्दा मुन्धुमी संकट निम्तिन्छ तर न्यायालयको फैसलाउपर टिप्पणी गर्दिनँ,' उनले प्रभावसँग भने, 'यद्यपि, केबलकार मुक्कुम्लुङमा गलत हो ।'

उसो त आन्दोलनरत पक्षसँग संवाद गर्न भन्दै सरकारले गृह मन्त्रालयका सहसचिव प्रेमप्रसाद भट्टराईको नेतृत्वमा वार्ता टोली बनाएको थियो । आन्दोलनरत पक्षबाट प्राज्ञ अमर तुम्याहाङको संयोजकत्वमा वार्ता सहजीकरण समिति गठन गरेको थियो । दुई पक्षबीच छ बुँदे सहमति पनि भयो । तर, सहमतिअनुसार काम स्थगितसम्म भएन । यसपछि आन्दोलनरत पक्ष आन्दोलनमै छ ।

२०७५ सालदेखि त्यस क्षेत्रमा केबलकार बनाउन हुँदैन भन्दै खासगरी लिम्बू समुदायले विरोध गर्दै आएका छन् । केबलकारको मुख्य लगानीकर्ता नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्षसमेत रहेका आइएमई समूहका चन्द्रप्रसाद ढकाल हुन् । उनले मन्दिरसम्म पुग्न निर्माण गर्न लागिएको केबलकारले पहिचानको प्रवर्द्धन गर्ने दाबी गर्दै आएका छन् ।

जबकि, केबलकार निर्माण गर्ने उनको कम्पनीको नाम नै पाथीभरा देवी दर्शन केबलकार प्रालि छ । यो कम्पनीको नामले त्यहाँको मौलिक पहिचान कतै झल्काउँदैन । ढकालले भने केबलकार बनाउँदा मन्दिरको ऐतिहासिकता र पहिचान गुम्ने दुस्प्रचार गरिएको भन्दै खण्डन गरेका छन् ।

सम्झौता भने दुई वर्षभित्र काम सम्पन्न गर्ने भनिएको छ । त्यो सम्झौता २९ पुस २०७५ मा वन तथा भू-संरक्षण विभाग र पाथीभरा देवी दर्शन केबलकार प्रालिबीच भएको थियो । २४ बुँदे सम्झौतामा हस्ताक्षर गर्ने तत्कालीन कम्पनीका तर्फबाट सोनाम शेर्पा र वन विभागका तर्फबाट वन संरक्षण अधिकृत राकेश कर्णले गरेका थिए ।

सोही सम्झौताअनुसार केबलकार निर्माण हुनुपर्थ्यो । नहुँदा आयोजना स्वतः रद्द हुने भनिएको थियो । तर, त्यसो भएन । बरु, पछि शेर्पा समूहबाट ढकालले हात पारे र रद्द भइसक्नुपर्ने आयोजना अघि बढाएका छन् । उनै ढकालले अहिले कामले गति लिएको दाबी गरेका हुन् । सम्झौताअनुसार भने रद्ध भइसक्नुपर्ने हो । तर, सरकार दाहिना हुँदा रद्द भएन ।

---

## सुन्दरहरैंचा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**विराटचौक, मोरङ**
**कोशी प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृती आशयको सूचना

**(सूचना प्रकाशन मितिः २०८२/०२/०२)**

यस कार्यालयको मितिः २०८२/०१/१० गते सौर्य राष्ट्रिय दैनिक पत्रिकामा दोस्रो पटक प्रकाशित बोलपत्र आब्हान सम्बन्धी सुचना अनुसार रितपूर्वक दर्ता हुन आएका बोलपत्रदाताका बोलपत्रहरू मध्ये तपशिल बमोजिमको बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूतरूपमा प्रभावग्राही रहेकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (१) बमोजिम स्वीकृतीको लागि छनौट गरिने भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) र दफा ४७ को प्रयोजानार्थ सम्बन्धित सबैको जानकरीको लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| बोलपत्रको विवरण | स्वीकृतका लागि छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम (मु.अ.कर र पि.एस. समेत) |
|---|---|---|
| SHM/MOR/NCB/W/42/2081/082, Construction of Ward Office Premises, Sundarharaicha-02 | श्री बि.आर.टी. इन्फ्रामेटीक प्रा.लि., ग्रामथान ०२, मोरङ | रू.१५८०६४७/३७ (रू पन्ध्र लाख असी हजार छ सय सतचालिस रूपैया सैतिस पैसा मात्र) |

**प्रमुख प्रशासकीय अधिकृत**

---

**नेपाल सरकार**
**कृषि तथा पशुपन्छी विकास मन्त्रालय**
**पशु सेवा विभाग**
## राष्ट्रिय पशु आहारा तथा लाईभष्टक गुण व्यवस्थापन प्रयोगशाला
**हरिहरभवन, ललितपुर**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति : २०८२/०२/०२**

यस कार्यालयबाट मिति २०८१।११।१९ मा राजधानी राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्रको लागि रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्येबाट न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही तपसिलमा उल्लेखित बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्ने आशय सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| सि. नं. | खरिद नं. | विवरण | छनौंट भएको बोलपत्र दाताको नाम र ठेगाना | कबोल रकम (मु.अ.क. सहित) |
|---|---|---|---|---|
| १ | NAFLQML/NCB/G/81/82-01 | Supply, Delivery, Installation and Commissioning of Kjeldahl Set (Digestion, Distillation, Titration and Fume Scrubber) System Supply in National Animal Feed and Livestock Quality Management Laboratory, Lalitpur. | J.H.S Analytic Traders Pvt. Ltd, Baluwatar Ward no. 5, kathmandu | 34,39,720.00 |

**कार्यालय प्रमुख**

---

## एनएमबि बैंक लिमिटेड बबरमहल, काठमाडौंको तपसिलको ऋणीहरूलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ (पैंतिस) दिने सूचना

**(प्रकाशित मितिः २०८२/०२/०२ को प्रभाव राष्ट्रिय दैनिक)**

यस बैंकको तपसिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जाको तोकिएको समयाबधी भित्रमा तिर्नु बुझाउनु पर्ने रकमहरु तिर्न बुझाउनका लागी पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत नतिरी, नबुझाई ऋणकर्जा सम्बन्धि शर्त बन्देजहरुको उल्लंघन गर्नु भएकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न ल्याउने बारेको यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिनभित्र यस बैंकमा सम्पर्क राखी तपाई ऋणीहरुले लिएको ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज लगायत अन्य दायित्वहरु समेत चुक्ता भुक्तान गर्नुहोला । उपरोक्त तोकिएको म्यादभित्र बैंकलाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण रकम (साँवा, ब्याज, हर्जाना ब्याज आदि) नबुझाएमा प्रचलित कानुन तथा ऋणी र यस बैंकबीच भएको लिखतको शर्त अनुसार ऋणीको नाम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गरिने तथा धितोमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु लिलाम बिक्री गरी यस बैंकको लेना रकम असुल उपर गरिनेछ । कथंकदाचित लिलाम बिक्रीबाट प्राप्त रकमले लेना रकम असूल उपर हुन नपुग भएमा वा धितोको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा प्रचलित कानून बमोजिम अन्य कानूनी कारवाहीहरुको प्रकृया थालनी गरिने ब्यहोरा समेत सम्बन्धित ऋणी, व्यक्तिगत जमानतकर्ताहरु तथा धितो जमानी दिनु हुने महानुभावहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराउँदछौं ।

**तपसिल**

**ऋणी, कर्जा शिर्षक, व्यक्तिगत जमानतकर्ताहरु र धितो लेखिदिएको सम्पत्तिको विवरण**

**१. ऋणीको नामः जयश्री शैलेश्वरी सप्लायर्स** — **कर्जा शिर्षकः** ओभरड्राफ्ट सुविधा

(नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभाग, वाणिज्य कार्यालय धनगढी, कैलालीमा दर्ता रहेको), दर्ता नं. २१३८५/०७२/७३, दर्ता मितिः २०७२/०८/०७, स्थायी लेखा नं. ६०३६९२५३२, ठेगानाः कैलाली जिल्ला, टिकापुर न.पा. वडा नं. ९ ।

**प्रोप्राइटर तथा व्यक्तिगत जमानतकर्ताः**

**कृष्ण सिं परियारः** ना.प्र.प.नं. (जारी मिति/स्थान): १०७५७ (२०६०/०७/०३/टिकापुर, कैलाली), बाजेको नामः केशर सिंह परियार, बाबुको नामः मेघ सिं परियार, ठेगानाः कैलाली जिल्ला, टिकापुर गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, टिकापुर न.पा. वडा नं. १ ।

**व्यक्तिगत जमानतकर्ताः**

**मन्जु परियारः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ६७२०४०/१२१६२ (२०६८/०१/१४/कैलाली), बाबुको नामः भिम सिह परियार, ससुराको नामः मेघ सिं परियार, पतिको नामः कृष्ण सिं परियार, ठेगानाः कैलाली जिल्ला, टिकापुर गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, टिकापुर न.पा. वडा नं. १ ।

**धितो लेखिदिएको सम्पतिको विवरणः**

केशर सिं परियारको नाति, मेघ सिं परियारको छोरा, कैलाली जिल्ला, टिकापुर गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, टिकापुर न.पा. वडा नं. १ बस्ने **कृष्ण सिं परियार**को नाममा मालपोत कार्यालय टिकापुर, कैलालीको लगतमा दर्ता श्रेष्ता कायम रहेको कैलाली जिल्ला, टिकापुर न.पा. वडा नं. ९/ज स्थित कि.नं. १७७७ को क्षेत्रफल १७५.०० व.मि.को जग्गा र उक्त जग्गमा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

**२. ऋणीको नामः ओशिन ट्रान्सपोर्ट एण्ड एडभेन्चर प्रा.लि.** — **कर्जा शिर्षकः** हायर पर्चेज कर्जा

(नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता रहेको), दर्ता नं. २०८९४५/०७५/०७६, दर्ता मितिः २०७५/११/०७ स्थायी लेखा नं. ६०६६८०९५०, ठेगानाः काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं. १६, नयाँबजार ।

**संचालक तथा व्यक्तिगत जमानतकर्ताहरुः**

**क. सुरज दासः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ४३१००१/२६८ (२०६७/०६/०५/तनहुँ), बाजेको नामः डल्ले दास, बाबुको नामः बाबुराम दास, ठेगानाः तनहुँ जिल्ला, व्यास न.पा., वडा नं. ११ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं. १६, नयाँबजार ।

**ख. विरवल तामाङः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ७७२९८ (२०५९/०२/१४/नुवाकोट), बाजेको नामः सुनावाङदी तामाङ, बाबुको नामः लाल सिंह तामाङ, ठेगानाः नुवाकोट जिल्ला, किस्पाङ गा.पा., वडा नं. ३ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, टोखां न.पा. वडा नं. ६, धापासी ।

**ग. मिना कुमारी श्रेष्ठः** ना.प्र.प.नं. (जारी मिति/स्थान) ६४४२६ (२०६०/०३/०३/तनहुँ), बाबुको नामः रहर मान श्रेष्ठ, ससुराको नामः धन नारायण श्रेष्ठ, पतिको नामः पदम कुमार श्रेष्ठ, ठेगानाः तनहुँ जिल्ला, व्यास न.पा., वडा नं. ४ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं. १६, नयाँबजार ।

**धितो लेखिदिएको सवारीसाधनको विवरणः**

धनी एनएमबि बैंक लि. (साविक ओम डेभलपमेण्ट बैंक लि.)/ऋणी **ओशिन ट्रान्सपोर्ट एण्ड एडभेन्चर प्रा.लि.**को नाममा प्रदेश नं. ३ यातायात व्यवस्था कार्यालयमा दर्ता कायम रहेको निम्नानुसारको सवारीसाधनः

कम्पनीः M. and M. Ltd. मोडलः Mahindra Bolero Camper DC 4WD PS, सवारी दर्ता नं.: बा. २१ च. ५७८१, बनेको सालः २०१८, च्यासिस नं.: MA1RU4GHKJ3L99974, इन्जिन नं.: GHJ4L69556

**३. ऋणीको नामः डि.एस.ट्रेडर्स एण्ड कोल्ड सेन्टर** — **कर्जा शिर्षकः** चालुपुजी कर्जा र ओभरड्राफ्ट सुविधा

(नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय, कञ्चनपुरमा दर्ता रहेको), दर्ता नं. २५४/०७०/०७१, दर्ता मितिः २०७०/०६/१८, स्थायी लेखा नं. ६०१४२४५२२, ठेगानाः कञ्चनपुर जिल्ला, कृष्णपुर गा.वि.स. वडा नं. २ ।

**प्रोप्राइटरः**

**सष्टि जोराः** ना.प्र.प.नं. (जारी मिति/स्थान): १७३३०६ (२०६३/०१/२८/कञ्चनपुर), बाजेको नामः मनि राम जोरा, बाबुको नामः देव बहादुर जोरा, ठेगानाः कञ्चनपुर जिल्ला, भिमदत्त न.पा., वडा नं. ४ ।

**व्यक्तिगत जमानतकर्ताहरुः**

**क. दिनेश जोराः** ना.प्र.प.नं. (जारी मिति/स्थान): २९५ (२०६२/०४/०२/डडेल्धुरा), बाजेको नामः मनि राम जोरा, बाबुको नामः देव बहादुर जोरा, ठेगानाः डडेलधुरा जिल्ला, रुपाल गा.वि.स., वडा नं. ८ हाल परिवर्तित डडेलधुरा जिल्ला, भागेश्वर गा.पा. वडा नं. १ ।

**ख. बिमला महता जोराः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ७५-०१-७४-०५३०४ (२०७४/०४/१६/कञ्चनपुर), बाबुको नामः राज बहादुर महता, ससुराको नामः देव बहादुर जोरा, पतिको नामः सष्टि जोरा, ठेगानाः कञ्चनपुर जिल्ला, भिमदत्त न.पा., वडा नं. ४ ।

**ग. किडी जोराः** ना.प्र.प.नं. (जारी मिति/स्थान): १९७ (२०४३/०९/१९/डडेल्धुरा), बाबुको नामः डम्बर सिं ठकुरी, ससुराको नामः मनि राम जोरा, पतिको नामः देव बहादुर जोरा, ठेगानाः डडेलधुरा जिल्ला, रुपाल गा.वि.स., वडा नं. ८ हाल परिवर्तित डडेलधुरा जिल्ला, भागेश्वर गा.पा. वडा नं. १ ।

**घ. देव बहादुर जोराः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ३०३ (२०३२/०९/१०/डडेल्धुरा), बाजेको नामः भागी सिंह जोरा, बाबुको नामः मनिराम जोरा, ठेगानाः डडेलधुरा जिल्ला, रुपाल गा.वि.स., वडा नं. ६ हाल परिवर्तित डडेलधुरा जिल्ला, भागेश्वर गा.पा. वडा नं. १ ।

**ङ. विस्ना विष्टः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ७४१०११/५३७ (२०६८/०७/२०/डडेल्धुरा), बाबुको नामः जय विष्ट, ससुराको नामः देव बहादुर जोरा, पतिको नामः दिनेश जोरा, ठेगानाः डडेलधुरा जिल्ला, आलीताल गा.वि.स., वडा नं. २ हाल परिवर्तित डडेलधुरा जिल्ला, आलीताल गा.वि.स., वडा नं. ५ ।

**धितो लेखिदिएको सम्पतिको विवरणः**

**क.** भागी सिंह जोराको नाति, मनिराम जोराको छोरा, डडेलधुरा जिल्ला, रुपाल गा.वि.स., वडा नं. ६ हाल परिवर्तित डडेलधुरा जिल्ला, भागेश्वर गा.पा. वडा नं. १ बस्ने **देव बहादुर जोरा**को नाममा मालपोत कार्यालय महेन्द्रनगर, कञ्चनपुरको लगतमा दर्ता श्रेष्ता कायम रहेको कञ्चनपुर जिल्ला, महेन्द्रनगर न.पा. वडा नं. ४ स्थित कि.नं. २२२८ को क्षेत्रफल १३६९.३५ व.मि.को जग्गा र उक्त जग्गमा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

**ख.** जय विष्टको छोरी, देव बहादुर जोराको बुहारी, दिनेश जोराको पत्नी, डडेलधुरा जिल्ला, आलीताल गा.वि.स., वडा नं. २ हाल परिवर्तित डडेलधुरा जिल्ला, आलीताल गा.वि.स., वडा नं. ५ बस्ने **विस्ना विष्ट**को नाममा मालपोत कार्यालय महेन्द्रनगर, कञ्चनपुरको लगतमा दर्ता श्रेष्ता कायम रहेको कञ्चनपुर जिल्ला, महेन्द्रनगर न.पा. वडा नं. ४ स्थित कि.नं. ४३७९ को क्षेत्रफल ९७७.५० व.मि.को जग्गा र उक्त जग्गमा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

**४. ऋणीको नामः सष्टि जोरा** — **कर्जा शिर्षकः** क्रेडिट कार्ड

ना.प्र.प.नं. (जारी मिति/स्थान): १७३३०६ (२०६३/०१/२८/कञ्चनपुर), बाजेको नामः मनि राम जोरा, बाबुको नामः देव बहादुर जोरा, ठेगानाः कञ्चनपुर जिल्ला, भिमदत्त न.पा., वडा नं. ४ ।

**५. ऋणीको नामः सोमलाल स्याङबो** — **कर्जा शिर्षकः** कृषि कर्जा

ना.प्र.प.नं. (जारी मिति/स्थान): २३/१७४७७ (२०६१/०७/२२/मकवानपुर), बाजेको नामः मान बहादुर स्याङबो, बाबुको नामः टंक बहादुर स्याङबो, ठेगानाः मकवानपुर जिल्ला, बसामाडी गा.वि.स., वडा नं. १ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा., वडा नं. १९ ।

**व्यक्तिगत जमानतकर्ताहरुः**

**क. गंगा लक्ष्मी स्याङबोः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ३१-०१-७२-०९१५५ (२०७२/११/१२/मकवानपुर), बाबुको नामः प्रेम लाल मुक्तान, ससुराको नामः टंक बहादुर स्याङबो, पतिको नामः सोमलाल स्याङबो, ठेगानाः मकवानपुर, जिल्ला, हेटौंडा उ.म.न.पा., वडा नं. १९ ।

**ख. ठूली माया स्याङबोः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ३१३०२२/२९३ (२०६३/११/२७/मकवानपुर), बाबुको नामः टेक ब. थिङ, ससुराको नामः मान बहादुर स्याङबो, पतिको नामः टंक बहादुर स्याङबो, ठेगानाः मकवानपुर, जिल्ला, बसामाडी गा.वि.स., वडा नं. १ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा., वडा नं. १९ ।

**ग. रविन नेपालीः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ३११०२२/४९५९२ (२०६५/०१/१८/मकवानपुर), बाजेको नामः कान्छा नेपाली, बाबुको नाम : पहल मान नेपाली, ठेगानाः मकवानपुर जिल्ला, बसामाडी गा.वि.स., वडा नं. १ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा., वडा नं. १९ ।

**धितो लेखिदिएको सम्पतिहरुको विवरणः**

**क.** टेक ब. थिङको छोरी, मान बहादुर स्याङबोको बुहारी, टंक बहादुर स्याङबोको पत्नी, मकवानपुर, जिल्ला, बसामाडी गा.वि.स., वडा नं. १ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा., वडा नं. १९ बस्ने **ठूली माया स्याङबो**को नाममा मालपोत कार्यालय मकवानपुरको लगतमा दर्ता श्रेष्ता कायम रहेको मकवानपुर जिल्ला, बसामाडी गा.वि.स./न.पा. वडा नं. १ स्थित कि.नं. २८६० को क्षेत्रफल ०-२-१३-० विघाको जग्गा र उक्त जग्गमा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

**ख.** धनी एनएमबि बैंक लि. (साविक ओम डेभलपमेण्ट बैंक लि.)/ऋणी **सोमलाल स्याङबो**को नाममा प्रदेश नं. २ यातायात व्यवस्था कार्यालयमा दर्ता कायम रहेको निम्नानुसारको सवारीसाधनः

**सवारीसाधनको विवरणः**

कम्पनीः महिन्द्रा एण्ड महिन्द्रा मोडलः 855FE-स्वराज सवारी दर्ता नं.: ना. ६ ट ३५७१ बनेको सालः २०१७, च्यासिस नं.: WSCE60910136236, इन्जिन नं.: 47.5004/SYE07010

**६. ऋणीको नामः गोकुल बहादुर थापा मगर** — **कर्जा शिर्षकः** सम्पत्ति धितो कर्जा

ना.प्र.प.नं. (जारी मिति/स्थान): २६ ५२४९ (२०५१/०२/१७/धादिङ्ग), बाजेको नामः चम्प बहादुर, बाबुको नामः लालबहादुर थापा मगर, ठेगानाः धादिङ्ग जिल्ला, तसर्पु गा.वि.स., वडा नं. २ हाल परिवर्तित धादिङ्ग जिल्ला, थाक्रे गा.पा. वडा नं. ४ ।

**व्यक्तिगत जमानतकर्ताहरुः**

**क. काइली थापा मगरः** ना.प्र.प.नं. (जारी मिति/स्थान): १६३६ (२०५८/०५/१५/धादिङ्ग), बाबुको नामः अक्कल बहादुर थापा मगर, ससुराको नामः लालबहादुर थापा मगर, पतिको नामः गोकुल बहादुर थापा मगर, ठेगानाः धादिङ्ग जिल्ला, तसर्पु गा.वि.स., वडा नं. ५ हाल परिवर्तित धादिङ्ग जिल्ला, थाक्रे गा.पा. वडा नं. ५ ।

**ख. मनोज थापा मगरः** ना.प्र.प.नं. (जारी मिति/स्थान): २६ १/६९७८० (२०७०/०८/२६/धादिङ्ग), बाजेको नामः लालबहादुर थापा मगर, बाबुको नामः गोकुल बहादुर थापा मगर, ठेगानाः धादिङ्ग जिल्ला, तसर्पु गा.वि.स., वडा नं. २ हाल परिवर्तित धादिङ्ग जिल्ला, थाक्रे गा.पा. वडा नं. ४ ।

**धितो लेखिदिएको सम्पतिहरुको विवरणः**

चम्प बहादुरको नाति, लालबहादुर थापा मगरको छोरा, धादिङ्ग जिल्ला, तसर्पु गा.वि.स., वडा नं. २ हाल परिवर्तित धादिङ्ग जिल्ला, थाक्रे गा.पा. वडा नं. ४ बस्ने **गोकुल बहादुर थापा मगर**को नाममा मालपोत कार्यालय धादिङ्गको लगतमा दर्ता श्रेष्ता कायम रहेको धादिङ्ग जिल्ला, थाक्रे गा.वि.स./न.पा. वडा नं. १/घ स्थित कि.नं. १००८ को क्षेत्रफल ०-३-०-० रोपनीको जग्गा र उक्त जग्गमा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

**७. ऋणीको नामः रोवन राज वैद्य** — **कर्जा शिर्षकः** क्रेडिट कार्ड

ना.प्र.प.नं. (जारी मिति/स्थान): ९६२५४ (२०५७/१०/२९/काभ्रेपलाञ्चोक), बाजेको नामः माधव काजी वैद्य, बाबुको नामः रोसन काजी वैद्य, ठेगानाः काभ्रे जिल्ला, बनेपा न.पा., वडा नं. ०९ ।

**८. ऋणीको नामः अनिसा कुमारी प्रधान** — **कर्जा शिर्षकः** क्रेडिट कार्ड

ना.प्र.प.नं. (जारी मिति/स्थान): ४६७० (२०६०/०९/२/सप्तरी), बाजेको नामः मान बहादुर प्रधान, बाबुको नामः लोक बहादुर प्रधान, ससुराको नामः रोसन काजी वैद्य, पतिको नामः रोवन राज वैद्य, ठेगानाः खोटाङ्ग जिल्ला, सिमपानी गा.वि.स., वडा नं. ३ स्थायी ठेगाना भई हाल काभ्रे जिल्ला, बनेपा न.पा., वडा नं. ०९ ।

NMB BANK एनएमबि बैंक — समृद्ध नेपालको लागि | A JOINT VENTURE WITH FMO Entrepreneurial Development Bank The Netherlands | Member of : Global Alliance for Banking on Values

**एनएमबि बैंक लिमिटेड**
कर्जा असुली विभाग, नक्साल, काठमाण्डौं
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७, ९८५११३९४१९

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## सुशासनको खिल्ली उडाउँदै बेरुजु

सरकारको नेतृत्वमा पुग्ने जुनसुकै नेताको पहिलो नारा हुन्छ, सुशासन । तर व्यवहारमा सुशासन देख्न, अनुभव गर्न पाइँदैन । सरकारमा भएकाहरूले सुशासनको नारालाई खिल्ली उडाइरहेको महालेखापरीक्षकको प्रतिवेदनले छर्लंग पारेको छ । महालेखापरीक्षकको ६२औं प्रतिवेदनअनुसार सरकारको अनियमित खर्च अर्थात् बेरुजु १२ खर्ब ८४ अर्ब रूपैयाँ नाघेको छ । आर्थिक वर्ष २०८०/८१ को लेखापरीक्षणबाट बेरुजु ९१ अर्ब ५९ करोड ८८ लाख रूपैयाँ थपिएको प्रतिवेदनमा उल्लेख छ ।

सार्वजनिक निकायले कुनै पनि आर्थिक वर्षमा गरेको आर्थिक कारोबारको विषयमा उक्त निकायको उद्देश्य तथा कार्यक्रमअनुसार प्रचलित ऐन नियमबमोजिम कारोबार नगरेको, राख्नुपर्ने लेखा नराखेको वा त्रुटि र अनियमित तरिकाले आर्थिक कारोबार गरेको भनी आन्तरिक लेखापरीक्षण तथा अन्तिम लेखापरीक्षणबाट औंल्याइएको कैफियतलाई बेरुजु भनिन्छ । बेरुजु हुनु भनेको आर्थिक अनुशासन उल्लंघन गर्नु हो ।

संघ, प्रदेश तथा स्थानीय तहका सरकारी कार्यालय र संस्थातर्फ लेखापरीक्षणबाट औंल्याइएको अद्यावधिक बेरुजु सात खर्ब ३३ अर्ब १९ करोड नौ लाख रूपैयाँ देखिएको छ । यस्तै, अतिरिक्त लेखापरीक्षण बक्यौता, राजस्व बक्यौता, शोधभर्ना लिनुपर्ने वैदेशिक अनुदान तथा ऋणको कारबाही गरी टुंगो लगाउनुपर्ने रकम पाँच खर्ब ५१ अर्ब एक करोड गरी कूल १२ खर्ब ८४ अर्ब २० करोड रूपैयाँ बेरुजु पुगेको हो ।

निर्माणको काम उपभोक्ता समितिबाट गराएर सरकारी स्रोतको दुरूपयोग गरिएको, दरबन्दीविनै शिक्षक भर्ना गरिएको, निर्माणका काममा पेस्कीको दुरूपयोग भएको देखिएको छ । सबैभन्दा बढी बेरुजु अर्थ, भौतिक पूर्वाधार तथा यातायात, रक्षा, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण, परराष्ट्र, ऊर्जा, सहरी विकास, सञ्चार, उद्योग वाणिज्य तथा आपूर्ति र स्वास्थ्य मन्त्रालयमा रहेको प्रतिवेदनमा छ ।

आर्थिक अनुशासन भत्काउन सरकारैपिच्छे तँछाडमछाड देखिन्छ । आफू शक्तिमा भएको मौका पारी मन्त्रीहरूले ठूलो रकम रकमान्तर गरेको देखिएको छ । यसअघि अर्थमन्त्री रहेका डा. प्रकाशशरण महत र वर्षमान पुनले सक्दो रकमान्तर गरेको प्रतिवेदनले देखाउँछ । बेरुजु संघमात्रै होइन, प्रदेश र स्थानीय तहसम्म बढ्दै गएको छ । तल्लो तहको बेरुजु बढ्दै जानु थप चिन्ताको विषय भएको अर्थविद्हरू बताउँछन् ।

बेरुजु रकम सबै अनियमितता भयो भन्ने हुँदैन । तर यसलाई दुरुस्त देखाउन नसक्दा आर्थिक अनशासन बिग्रँदै जान्छ । सुशासनको नारा घन्काउने सरकारले यी विषयमा विशेष ध्यान दिनैपर्छ । अर्थतन्त्रमा संकट चुलिँदा सरकारले यो विषयमा ध्यान देओस् । प्रतिस्पर्धा बेरुजुमा हैन आर्थिक अनुशासनमा कायम गरौं ।

# हिमाल बचाउ अभियानका लागि सगरमाथा संवाद



■ शंकरदास बैरागी

‘जलवायु परिवर्तनलाई ‘समग्र राष्ट्रको एक अवधारणा’ अन्तर्गत हेर्नुपर्ने हुन्छ । सरकारका सबै निकायबीच प्रभावकारी समन्वय कायम हुनुपर्ने । जलवायु परिवर्तनको विषय हेर्न राष्ट्रिय रूपमा एउटा स्थायी र सशक्त वार्ता टोली गठन गर्ने वा उच्चस्तरीय कार्यकारी निकायको व्यवस्था गर्ने वा आवश्यकताअनुसार जलवायु परिवर्तन हेर्ने गरी विशेष प्रतिनिधि तोक्नुपर्ने देखिन्छ । त्यसो हुन सकेमा संस्थागत सुदृढीकरण गरी जलवायु वित्तबाट सहायता प्राप्त गर्न प्रस्ताव तयारी र पैरवी गर्न सक्ने गरी क्षमता विकासमा सहयोग पुग्ने छ ।

नेपालले अन्तर्राष्ट्रियस्तरमा विश्व शान्ति, मानव कल्याणका क्षेत्रमा बनाएको विशिष्ट पहिचानलाई सगरमाथा संवादमार्फत उजागर गर्ने अवसर पाएको छ । असंलग्न परराष्ट्र नीति, तटस्थ दृष्टिकोण र साझा विषयमा साझा ढंगबाटै समाधान खोज्दै आएको नेपालले यसलाई सगरमाथा संवादको माध्यमबाट अन्तर्राष्ट्रिय जगतमा मुखरित गर्ने छ ।

आज विश्वव्यापीरूपमै विकासको समस्याको रूपमा रहेको जलवायु परिवर्तनबाट सिर्जित चुनौतीले संकटको रूप लिन थालेको छ । हरितगृह ग्यासको उत्सर्जनमा नेपालको भूमिका नगन्य रहे पनि नेपालले त्यसबाट सिर्जित समस्या भने प्रत्यक्षरूपमा भोग्नु परेको छ । एकातिर हामीले विश्वको वातावरणीय सन्तुलन कायम राख्न महत्त्वपूर्ण भूमिका खेलिरहेका छौं भने अर्कोतिर हामी नै जलवायु परिवर्तनको समस्याबाट प्रभावित बन्नुपरेको अवस्था छ । यसर्थ, जलवायु न्यायअन्तर्गत नेपालले वित्तीय तथा प्राविधिक सहयोगका लागि विश्वसामु आफ्नो दाबी प्रस्तुत गर्नका लागि सगरमाथा संवाद महत्त्वपूर्ण थलो बन्न सक्छ ।

अन्तर्राष्ट्रिय तहमा नेपालले खेल्ने भूमिकाअन्तर्गत नेपालले पहाडी राष्ट्रको गठबन्धनलाई नेतृत्व दिन सक्दछ । नेपाल विश्वका अति कम विकसित राष्ट्रहरूको समूहको अध्यक्ष राष्ट्रसमेत भएकाले पर्वतीय देशहरूको समूहलाई नेतृत्व गर्नसक्छ । पहाड बचाउ अभियान सञ्चालन गरी हामीजस्तै पर्वतीय मुलुकका आवाजलाई संगठित गर्न सकिएमा एकातिर नेपालले भोग्नुपरेका समस्याको समाधानमा अन्तर ाष्ट्रिय ध्यानाकर्षण गराउन सकिन्छ भने अर्कोतिर कूटनीतिक क्षेत्रमा पनि आफ्नो प्रभाव राख्ने महत्त्वपूर्ण अवसर बन्न सक्छ । यसबाट हिमालको पक्षमा अन्तर ाष्ट्रिय जनमत बनाउन सकियो भने यहाँको विकासका लागि आर्थिक स्रोत अभिवृद्धि हुनसक्छ ।

जलवायु परिवर्तनका कारण भएको प्राकृतिक विपद्हरूबाट नेपालले ठूलो हानि नोक्सानी व्यहोर्नुपरेको छ । धनी राष्ट्रहरूले गरेको प्रतिबद्धताअनुसार हानि नोक्सानी कोषमा झण्डै ९७ प्रतिशत अपुग रहेको छ । जलवायु परिवर्तनसम्बन्धी विश्वमा जति पनि कोष स्थापना गरिएका छन्, त्यसबाट लाभ लिनका लागि स्तरीय प्रस्ताव बनाउनुपर्ने हुन्छ । हामीसँग पनि कुन क्षेत्रमा के कति हानि नोक्सानी भएको छ भने भन्न सक्ने वास्तविक तथ्यांकको अभावका कारण त्यसअनुसार दाबी गर्न सकिएको छैन । क्षति एवं नोक्सानी कोषबाट सहायता प्राप्त गर्न तत्कालै विभिन्न क्षेत्रमा भएको हानि नोक्सानीको विवरण तयार गरी अध्यावधिक गर्नुपर्ने हुन्छ । अन्तर्राष्ट्रिय जलवायु वित्त प्रणालीमा सहज पहुँचका लागि आवाज उठाउन पहल गरी हानि तथा नोक्सानी कोषमा पर्याप्त रकम जुटाउन अन्य राष्ट्रहरूसमेतको सहयोगमा आवाज मुखरित गराउने अवसरको रूपमा पनि सगरमाथा संवादलाई उपयोग गर्नुपर्ने हुन्छ ।

जलवायु परिवर्तनको विषय बहुआयामिक क्षेत्र भएकाले यसलाई त्यही रूपमा लिनुपर्छ । यो प्राविधिक विषय मात्र नभई आर्थिक, सामाजिक र कूटनीतिक विषय पनि भएकाले जलवायु परिवर्तनसम्बन्धी वार्ताका लागि कूटनीतिक क्षमता अभिवृद्धि हुनुपर्ने हुन्छ । यसका लागि हाम्रो जलवायु कूटनीति स्पष्ट हुन आवश्यक छ । नेपालका आफ्नो दृष्टिकोणहरूलाई अन्तर्राष्ट्रिय मञ्चमा लैजान कूटनीतिकरूपमा दरिलो हुनुपर्छ । जलवायु परिवर्तनसम्बन्धी पक्ष राष्ट्रहरूको विश्व सम्मेलनमा सम्बन्धित देशमा रहेका नेपाली राजदूतलाई पनि सहभागी गराउन आवश्यक छ । जलवायु परिवर्तनको अवस्था, यसले पारिरहेको प्रभाव र आगामी दिनमा नेपालले लिनुपर्ने रणनीतिका सम्बन्धमा सामूहिक आवाज बन्नसके मात्र नेपालले फाइदा लिन सक्छ ।

जलवायु परिवर्तनलाई ‘समग्र राष्ट्रको एक अवधारणा’ अन्तर्गत हेर्नुपर्ने हुन्छ । सरकारका सबै निकायबीच प्रभावकारी समन्वय कायम हुनुपर्ने । जलवायु परिवर्तनको विषय हेर्न राष्ट्रिय रूपमा एउटा स्थायी र सशक्त वार्ता टोली गठन गर्ने वा उच्चस्तरीय कार्यकारी निकायको व्यवस्था गर्ने वा आवश्यकताअनुसार जलवायु परिवर्तन हेर्ने गरी विशेष प्रतिनिधि तोक्नुपर्ने देखिन्छ । मन्त्रालयको एउटा महाशाखाको रूपमा मात्र नराखी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्अन्तर्गत पनि राख्न सकिएला । त्यसो हुन सकेमा संस्थागत सुदृढीकरण गरी जलवायु वित्तबाट सहायता प्राप्त गर्न प्रस्ताव तयारी र पैरवी गर्न सक्ने गरी क्षमता विकासमा सहयोग पुग्दछ । नेपालले सन् २०४५ सम्म कार्बन न्यूट्रल अर्थतन्त्रमा जान्छौं भनेर प्रतिवेदन बुझाइसकेका छौं । ती लक्ष्य हासिल गर्न तीनै तहका सरकारका नीति कार्यक्रम र योजनामा एकीकृत दृष्टिकोण आउन जरुरी छ । तत्कालै राष्ट्रिय रूपमा निर्धारित योगदान र राष्ट्रिय अनुकूलन योजनालाई सबै तहका सरकारको नीति कार्यक्रम र बजेटमा समावेश गरी प्राथमिकताका साथ कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

यसैगरी नेपालले नवीकरणीय ऊर्जा, प्रकृतिमा आधारित जलवायु परिवर्तन व्यवस्थापन, जल कूटनीति, वातावरणमैत्री पूर्वाधार, पर्या-पर्यटन र सांस्कृतिक धरोहरको संरक्षण, स्थानीय नेतृत्वको अनुकूलन र समुदायमा आधारित प्राकृतिक स्रोतको व्यवस्थापनमा नेतृत्वदायी भूमिका निर्वाह गर्नसक्ने अवस्था रहेको छ । यसलाई सरकारले गम्भीरताका साथ आफ्ना नीति, कार्यक्रम र योजनामा समावेश गरी विषेशगरी विपन्न तथा पछाडि परेका र जलवायु परिवर्तनको उच्च जोखिममा रहेका समुदायको सुरक्षाका लागि विशेष कार्यक्रम सञ्चालन गर्नुपर्छ ।

अब नेपालले हिमालसँगै समुद्रको विषयलाई पनि सँगै जोडेर पैरवी गर्नुपर्ने हुन्छ । क्षेत्रीय सहयोगअन्तर्गत पहाड र समुद्रबीचको अन्तरसम्बन्धमा अध्ययन गर्न आवश्यक छ । जल, कृषि, स्वास्थ्य र जैविक विविधता सम्बन्धमा क्षेत्रीयस्तरमा अध्ययन नहुँदा यसले विश्वको ध्यानाकर्षण गराउन सकेको छैन । उपक्षेत्रीय तहमा जलवायु गठबन्धन गठन गरी सम्भव भएसम्म जलवायु परिवर्तनका सम्बन्धमा क्षेत्रीय धारणा तयार गर्न नेपालले पहल गर्नुपर्छ । जलवायु परिवर्तनका कारण हिमालमा पर्ने असरबाट तल्लोतटीय क्षेत्रको जलस्रोत, कृषि, जनजीविका, जैविध विविधतामा प्रत्यक्ष प्रभाव पर्नुका साथै समुद्रमा पनि असर पर्ने हुँदा यसलाई जोडेर हेर्न सकिएमा विश्वको ध्यानाकर्षण गर्न बल पुग्दछ । अहिले नै झण्डै दुई अर्ब जनसंख्या यसबाट प्रत्यक्ष प्रभावित हुने अवस्था छ । जलवायु परिवर्तनको विषय पृथ्वीको स्वास्थ्यसँग मात्र जोडिएको छैन, भविष्यका सन्ततिको अधिकारसँग पनि जोडिएको कुरा हो ।

नेपालले वातावरणीय सन्तुलन र संरक्षणका लागि पुऱ्याएको योगदानलाई उजागर गर्दै नेपालले त्यसबापत सुविधा पाउनुपर्ने पक्षमा दरिलो वकालत गर्न सकेको छैन । वातावरणीय जोखिमका आधारमा जलवायु वित्त तथा प्राविधिक सहयोग प्राप्त गर्न पहल गर्नु जरुरी भएको छ । पेरिस सम्झौताको कार्यान्वयन तथा उच्चस्तरको जलवायु कार्यका लागि कदम चाल्न औद्योगिक राष्ट्रहरूलाई जोडदार रूपमा आग्रह गर्नुपर्ने हुन्छ । प्रमाण र तथ्यमा आधारित नेपालको जलवायु परिवर्तनसम्बन्धी राष्ट्रिय अवधारणा तयार नगरेसम्म हाम्रा माग वा दाबी फितलो हुन्छ ।

राष्ट्रिय क्षमता विकासमा जोड दिन र अन्तर ाष्ट्रियस्तरमा जलवायु सम्बन्धमा मुख्य कार्बन उत्सर्जन गर्ने राष्ट्रहरूको उत्तरदायित्व स्थापित गराउनेतर्फ कूटनीतिक प्रयासमा जोड दिनुपर्छ । जलवायु परिवर्तनको सम्बन्धमा ढिलो न्याय दिनु भनेको मानिसको अस्तित्वकै अस्वीकृति हो भन्ने मान्यतालाई जोडदाररूपमा अघि बढाउँदै प्रमुख कार्बन उत्सर्जन गर्ने राष्ट्रहरूले यस सम्बन्धमा नैतिक, राजनीतिक र वित्तीय दायित्व बहन गर्नुपर्छ भन्ने कुरालाई जोडदारका साथ उठाउन आवश्यक छ । आगामी दिनमा जलवायु वार्ताका लागि अवलम्बन गर्ने रणनीति तयार गर्नसमेत सगरमाथा संवादले सहयोग पुग्ने छ ।

सगरमाथा संवादको पूर्वसन्ध्यामा सामाजिक-आर्थिक नीतिका बारेमा अध्ययन, अनुसन्धान एवं अन्तरक्रिया गर्दै आइरहेको प्राज्ञिक संस्था इन्स्टिच्युट फर स्ट्राटेजिक एण्ड सोसियो-इकोनोमिक रिसर्च (आइएसएसआर)को आयोजनामा गत वैशाख १८ र १९ गते काठमाडौंमा ‘जलवायु परिवर्तनसम्बन्धी बहुसरोकारवाला संवाद : नेपालका लागि रणनीतिक आवाज’ विषयक दुईदिने सम्मेलनको आयोजना गरिएको थियो । जलवायु परिवर्तनसम्बन्धी अन्तर ाष्ट्रिय फोरममा नेपालले प्रस्तुत गर्ने धारणा एवं वार्ता र सम्झौताका चरणमा राख्ने अडान एवं दृष्टिकोणलाई टेवा पुऱ्याउने उद्देश्यले आयोजना गरिएको यस सम्मेलनमा कार्बनमुक्त अर्थतन्त्रका लागि ऊर्जा, जल व्यवस्थापन, दिगो वन व्यवस्थापन, औद्योगिक क्षेत्र, निर्माण क्षेत्र, कृषि क्षेत्र, यातायात क्षेत्र, फोहोर व्यवस्थापन, सहरी विकास र चक्रीय अर्थतन्त्रका बारेमा छलफल भएको थियो ।

*(नेपाल सरकारका पूर्वमुख्यसचिव तथा आइएसएसआरका अध्यक्ष बैरागीसँग राससले गरेको कुराकानीमा आधारित)*

श्रम सरोकार

## विदेशमा रहँदा भुल्नै नहुने पाँच कुरा

### १) कसैको प्रलोभनमा नफसौं

धेरै तलब दिने वा अन्य राम्रो काम सुविधा दिने प्रलोभनमा दलालहरूले गन्तव्य मुलुकका कम्पनी वा वासस्थानमासमेत पुगेर फकाउन सक्छन् । आधिकारिक भिसा रहेको ठाउँभन्दा अन्यत्र काम गर्नु गैरकानुनी हो । कानुनी हैसियत गुमाएपछि सधैंभरि खतरामा काम गर्नुपर्छ र दलालले गैरकानुनी काममा लगाएर फसाउन पनि सक्छ । फर्किनुअघि जेल, नेल जरिवानासहित देश निकालाको अपमान साथै कुटाइ खानुपर्छ ।

### २) धार्मिक तथा स्थानीय कानुनको पालना गरौं

सम्बन्धित देशमा पुगेर कुनै गल्ती गरेर कानुन थाहा थिएन भनेर उम्किन पाइन्न । स्थानीय धार्मिक, सामाजिक तथा राष्ट्रियताका विषयमा सधैं जानकार र सकारात्मक हुनुपर्छ ।

### ३) आफ्नो सुरक्षामा ध्यान दिऔं

आफ्नो स्वास्थ्य र सुरक्षाको ख्याल आफैंले राख्नुपर्छ । काम गर्दाको बखत, बाटो हिँड्दा, पौडी वा अन्य यस्तै कामको जोखिमबारे सधैं सचेत रहनुपर्छ । कतिपय मुलुकहरूमा जेब्रा क्रसिङभन्दा अन्यत्रबाट बाटो काट्दा पैदलयात्रीले समेत जरिवाना तिर्नुपर्ने हुसक्छ । याद गरौं- कारखानामा काम गर्दा त्यहाँ प्रयोग हुने मेसिनको सोच्ने शक्ति हुँदैन, तपाईंको आफ्नै दिमागले सोचेर होसियारी अपनाउनुपर्छ ।

### ४) काममा लगनशील बनौं

आफ्नो सुपरभाइजरका कुरालाई अवलम्बन गर्नैपर्छ । उसको कुरालाई बेवास्ता गरेमा माथिल्लो निकायमा सामान्यतया: कुनै सुनुवाइ गर्दैन । अति नै भएमा मात्र दूतावास, वैदेशिक रोजगार विभाग वा अन्य सहयोगी संस्थाबाट सहयोग लिने बानी गर्नुपर्छ । याद गरौं- रोजगारदाताले तपाईंलाई श्रमको मूल्य तिरेको हुन्छ ।

### ५) आवश्यक सम्पर्क नम्बर सुरक्षित राखौं

दूतावास, त्यहाँस्थित विभिन्न सामाजिक संस्था, नेपालस्थित रोजगार तथा सरकारी निकाय र आफू गएको वैदेशिक रोजगार संस्था तथा सहयोगी संस्थाका सम्पर्क टेलिफोन तथा ठेगाना सधैंभरि साथमा राख्नुपर्छ । स्थानीय कानुन तथा अन्य विषयमा जानकार व्यक्तिहरूसँग निकट रहनुपर्छ । यसो गर्दा आकस्मिकरूपमा आउने समस्याहरू समाधानमा सहजता हुने छ ।

# दाइजोप्रथा अन्त्यका लागि कानुन बनाएर तत्काल कार्यान्वयन गर्नुपर्छ



■ मीना यादव

अस्थिर सरकारको कारण देशको विकास हुन सकेको छैन । नौ-नौ महिनामा सरकार परिवर्तन भइरहन्छ । मन्त्रीले आफ्नो मन्त्रालयको बारेमा बुझ्न नपाउँदै सरकार परिवर्तन भइहाल्छ । कम्तीमा चार-पाँच वर्षसम्म सरकारले काम गर्न पाए देशको विकास हुन्छ । अर्को कुरा, कुनै एउटा दलमात्रै होइन, सबै दलका नेताहरू देश र जनताको निम्तिभन्दा पनि पार्टीगत र व्यक्तिगत स्वार्थका लागि काम गरेको देखिन्छ । सांसदको ध्यान पनि संसद्मा कानुन बनाउनभन्दा पनि सरकारमा जान आतुर भएको देखिन्छ । संसद्मा जनताका शिक्षा, स्वास्थ्य र रोजगारलगायत जनताका समसामयिक विषय उठेको हुन्छ तर सरकारले कार्यान्वयन गर्दैन ।

मधेस प्रदेशमा दाइजोप्रथा व्याप्त छ । मधेसमा छोरी माग्ने बेलामै दाइजोको माग राखिन्छ । यदि आफूले भनेजति दाइजो नपाएमा श्रीमतीलाई जिउँदै जलाइदिने घटना पनि भएका छन् । मानौं, कोही मधेसी केटाले डाक्टर पढेको छ भने उसले डाक्टर पढ्दा लागेको खर्चबराबरको दाइजो माग्ने चलन छ । मधेसका चेलीलाई दाइजोमा तुलना गरिन्छ । यो प्रथाको सरकारले कानुन बनाएरै प्रभावकारी कार्यान्वयन गर्नुपर्छ । आजको युवामा पनि दाइजो नल्याएका कारण मार्ने, जिउँदै जलाउन मिल्छ ? यसबारेमा सरकार बोल्नु पर्दैन ।

यो दाइजोप्रथा घट्नुको सट्टा झनझन बढ्दै गएको छ । यो प्रथा बढ्दै जानु भनेको अशिक्षा पनि हो । मधेसमा शिक्षाको अवस्था कमजोर छ । अर्को कुरा, चेतनाको पनि कमी छ । मधेसका महिला दोहोरोतेहोरो मारमा परेका छन् । मधेसी हुनुको विभेद एकातिर छ, महिला हुनुको विभेद अर्कोतिर छ । बेरोजगारीको अर्को समस्या छ । मधेसी भनेपछि मान्छेको हेर्ने नजर नै फरक छ । मधेसमा अशिक्षाको कारण बोक्सी प्रथा पनि छ । जताबाट पनि मधेसमा महिला नै विभेदमा परेका छन् । मधेसको एउटा विद्यालयमा चार-पाँच सय विद्यार्थी छन् । तर शिक्षक दुई-तीन जनामात्रै छन् । अनि मधेसमा सरकारी शिक्षाको विकास कसरी हुन्छ ? रोजगारीमा विदेश जाने धेरै मधेसकै युवा छन् ।

संवैधानिक व्यवस्थाअनुसार संसद्मा महिलाको सहभागिता ३३ प्रतिशत भएको छ । तर राज्यका अरु निकायमा महिलाको सहभागिता हुन सकेको छैन । वर्तमान सरकारमा दुई जनामात्रै महिला मन्त्री छन् । विद्या भट्टराईले शिक्षामन्त्रीबाट राजीनामा दिएपछि प्रधानमन्त्रीले उक्त ठाउँमा महिलालाई मन्त्री बनाउनुपर्ने थियो । तर प्रधानमन्त्रीले पुरुषलाई नै मन्त्री बनाए । संसद्मा जस्तै मन्त्रिपरिषद्मा पनि ३३ प्रतिशत महिलाको सहभागिता सुनिश्चित गर्नुपर्छ ।

ठूलाठूला महिलावादी भाषण गरेर मात्रै हुँदैन । व्यवहारमा हेर्नुपर्छ । हामीले सङ्घीय सरकारमा महिलाको सहभागिताबाट प्रदेश र स्थानीयमा महिलाको सहभागिता आकलन गर्न सकिन्छ । नेपालको संविधान २०७२ को धारा ३८ ले राज्यको हरेक निकायमा महिलालाई समानुपातिक प्रतिनिधित्वको व्यवस्था गरेको छ । तर संविधान जारी भएको १० वर्ष बितिसके पनि त्यस व्यवस्थाको पूर्णरूपमा कार्यान्वयन भएको छैन । वि.सं. २०७८ को जनगणनाअनुसार महिलाको साक्षरता दर ६९.४ प्रतिशत छ । यसमा मधेसी महिलाको कति नै होला र ? त्यसकारण राज्यले मधेसी समुदायको शिक्षाको निम्ति लगानी बढाउनुपर्छ । सबैभन्दा कमजोर भएको समुदायको शिक्षा, स्वास्थ्य र रोजगारीमा कमजोर भएको समुदायमा लगानी बढाउनुपर्छ ।

राज्यका हरेक संरचनामा मधेसी समुदायको जनंख्याको आधारमा समान सहभागिताको नीति बनाएर कार्यान्वयन फितलो छ । मुख्य कुरा कार्यान्वयन हो । संविधानको प्रस्तावनामै पछाडि परेको समुदायलाई समान सहभागिता हुने भनेको छ । तर कार्यान्वयन नभएपछि के गर्ने ? सरकारले त्यसतर्फ ध्यान दिन जरुरी छ । सरकारले जनतालाई सरकार भएको आभास दिनुपर्छ । स्थानीय र प्रदेश सरकारले पनि सही ढंगले जनतालाई सेवा दिन सकेका छैनन् । संघीय सरकारले प्रदेश सरकारलाई काम गर्ने अधिकार नै दिएको छैन । संघीयतालाई अझ बलियो बनाउन स्थानीय र प्रदेश सरकारलाई अधिकार प्रत्यायोजन गर्नैपर्छ ।

*(प्रतिनिधिसभा सदस्य यादवसँग राससले गरेको कुराकानीमा आधारित)*

# याक प्रवर्द्धनमा जुट्दै ताप्लेजुङका स्थानीय तह



**फुङ्लिङ (ताप्लेजुङ)–** दुर्गम हिमाली भेगमा परम्परागत रूपमा पालिँदै आइएको चौंरी (याक) पालन पेसा समयसँगै घट्न थालेपछि जिल्लाका विभिन्न स्थानीय तहले याक संरक्षण र प्रवर्द्धन गर्ने योजना बनाएका छन् । पछिल्ला दशकहरूमा वैदेशिक रोजगारी, सहरीकरण, मौसम परिवर्तन, नयाँ पुस्तामा चासो नहुनुलगायत कारणले याकपालनप्रति आकर्षण कम हुँदै गएपछि यहाँका स्थानीय तहले याक संरक्षण र प्रवर्द्धनका कार्यक्रमलाई प्राथमिकता दिँदै आएका हुन् ।

सिरिजंघा गाउँपालिकाले हालै याक संरक्षणप्रति जनचासो बढाउने उद्देश्यले 'चौंरी प्रदर्शन कार्यक्रम' आयोजना गरेको थियो । जिल्लामा पहिलोपटक आयोजना गरिएको उक्त प्रदर्शनीमा उत्साहजनक याकपालक कृषकहरूको सहभागिता थियो ।

गाउँपालिकाले आयोजना गरेको प्रतियोगितामा याकको शरीरको बनावट, सिङको आकार, पुच्छरको वनोट, चालचलन, स्वभावलगायत आधारमा मूल्यांकन गरी उत्कृष्ट याक छनोट गरिएको थियो । प्रतियोगितामा विजयी घोषित याकका पालकलाई २८ हजार ५८८ रूपैयाँसहित प्रमाणपत्र प्रदान गरिएको सिरिजंघा गाउँपालिकाले जनाएको छ । सहभागी कृषकलाई प्रोत्साहनस्वरूप आठ हजार ५८६ रूपैयाँका दरले पुरस्कार वितरण गरिएको थियो ।

जिल्लास्थित चौंरी व्यवसायी संघका अध्यक्ष दावा शेर्पाका अनुसार यो कार्यक्रमले कृषकहरूमा आत्मविश्वास बढाउनुका साथै चौंरी पालनमा आकर्षण पैदा गरेको छ । 'हामीजस्ता दुर्गम भेगका किसानलाई राज्यले सम्झिएको महसुस भयो,' उनले भने, 'अब हामीलाई अझ थप चौंरीपालन गर्न हौसला मिलेको छ ।'

गाउँपालिका उपाध्यक्ष डा. चित्र माबोले यस्ता कार्यक्रमले नयाँ पुस्तालाई पनि याकपालनतर्फ आकर्षित गर्ने विश्वास व्यक्त गरे । 'हामीले परम्परागत ज्ञान र सीप जोगाउन यस्ता प्रदर्शनीहरू नियमितरूपमा सञ्चालन गर्ने योजना बनाएका छौं,' उनले भने ।

याक प्रवर्द्धन गर्नका लागि फक्ताङलुङ गाउँपालिकाले चालु आर्थिक वर्षमा याकपालक कृषकलाई ७५ प्रतिशत अनुदानमा याक वितरण गर्ने कार्यक्रम अघि सारेको छ । गाउँपालिकाका अध्यक्ष राजन लिम्बूका अनुसार यो योजना प्रदेश र स्थानीय सरकारको संयुक्त लगानीमा सञ्चालन हुने छ ।

'पशुपक्षी तथा मत्स्य विकास कार्यक्रमसम्बन्धी कार्यविधि-२०८१ बनाएर पारित गरिसकेका छौं,' उनले भने, 'यो कार्यक्रमले याकपालनको पुनरुत्थान र कृषकहरूको आम्दानी वृद्धिमा सहयोग पुर्‍याउने छ ।' उनका अनुसार कार्यक्रमका लागि गाउँपालिकाले आठ लाख रूपैयाँ बजेट छुट्याएको छ । अध्यक्ष लिम्बूले पछिल्लो समय याकपालन पेसाबाट कृषक क्रमश: पलायन हुन थालेपछि उनीहरूलाई पुन:आकर्षित गर्ने उद्देश्यले यो पहल गरिएको बताए ।

याक प्रवर्द्धनमा मिक्वाखोला गाउँपालिका पनि अग्रसर हुँदै आएको छ । पालिकाले चालु आर्थिक वर्षमा याक संरक्षण तथा प्रवर्द्धनका लागि २५ लाख रूपैयाँबराबरको कार्यक्रम सञ्चालन गरिरहेको जनाइएको छ । गाउँपालिकाका अध्यक्ष भक्तबहादुर कार्कीले यस योजनाले याकपालक कृषकलाई आवश्यक प्राविधिक सहयोग, तालिम र पूर्वाधार विस्तारमा सहयोग पुर्‍याउने बताए ।

यसैगरी मैवाखोला गाउँपालिकाले पनि याक प्रवर्द्धनमा चासो देखाउँदै पाँच लाख रूपैयाँबराबरको कार्यक्रम सम्पन्न गरिसकेको छ । पालिकाका अध्यक्ष विजयप्रकाश वनेमले भने, 'हामीले स्थानीय स्रोतसाधनको अधिकतम उपयोग गर्दै याकपालनलाई संरक्षण र आयआर्जनको भरपर्दो माध्यम बनाउन खोजिरहेका छौं ।'

चौंरी (याक) ताप्लेजुङको उच्च हिमाली क्षेत्रको पारिस्थितिक, सांस्कृतिक र आर्थिक जीवनशैलीसँग गहिरोरूपमा जोडिएको छ । हिउँदयाममा चौंरीलाई उच्च हिमाली चरनभूमिमा चराइन्छ । याकबाट मासु, दूध, घिउ, रौं (ऊन) लगायतका उत्पादन प्राप्त हुन्छन् । यसले स्थानीयको जीविकोपार्जनमा महत्त्वपूर्ण योगदान पुर्‍याउँदै आएको छ । *रासस*

# महिला हिंसा न्यूनीकरणका लागि 'पुरुष सञ्जाल'

**झापा (प्रस)–** लैंगिक हिंसा न्यूनीकरणका लागि मेचीनगर नगरपालिकामा पुरुष सञ्जाल गठन भएको छ । मेचीनगरका नगरप्रमुख गोपाल बुढाथोकीको अध्यक्षतामा बुधबार बसेको भेलाले १५ सदस्यीय सञ्जाल गठनको निर्णय गरेको हो ।

महिलाले भोग्नु परिरहेका हिंसा न्यूनीकरण गर्न महिलामात्रै सक्रिय भएर नहुने भन्दै पुरुषलाई समेत हिंसामुक्त समाज निर्माणको हिस्सेदार बनाउन सञ्जाल गठन गरिएको नगरप्रमुख बुढाथोकीले बताए ।

नवगठित पुरुष सञ्जालको संयोजकमा पत्रकार मोहन काजी र सचिवमा शिक्षासेवी हिम्मत क्षेत्री रहेका छन् । सदस्यमा रूपसागर अधिकारी, केसाङ लामा, हेमेन्द्र निरौला, अपूर्व डाँगी, मञ्जिल देवान, मनकुमार लिम्बू, तिलक श्रेष्ठ, ईश्वर रिजाल, गणेशबहादुर कार्की, सचेत घिमिरे, कृष्ण श्रेष्ठ, थेसिस रुचाललगायत रहेका छन् ।

लैंगिक हिंसा रोकथाम तथा प्रतिकार्यका लागि एकीकृत सेवा पहुँच परियोजनाअन्तर्गत गठन भएको सञ्जालले मेचीनगर नगरपालिकाका १५ वटै वडामा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने जनाइएको छ । समाजमा महिला नै बढी मात्रामा लैंगिक हिंसाको सिकार भइरहेको जनाउँदै परियोजनाकी लैंगिक हिंसाविरुद्धकी विज्ञ कमला उप्रेती रिजालले समतामूलक नीति निर्माण, न्यायसंगत कानुन कार्यान्वयन र पितृसत्तात्मक सोचका विरुद्धको आवाजमा पुरुष सञ्जालले बल प्रदान गर्न विश्वास व्यक्त गरिन् ।

अखिल नेपाल महिला संघकी जिल्ला सदस्य जानुका ओली, उपभोक्ता जागरण अभियान मेचीनगरकी अध्यक्ष रचना घिमिरेलगायतले हिंसाविरुद्ध सबै मिलेर जानुपर्नेमा जोड दिइन् ।

# करोडौं खर्चेर बनाएको पालिकास्तरीय अस्पताल भवन प्रयोगविहीन

**म्याग्दी–** अन्नपूर्ण गाउँपालिका-१, दोबामा पाँच करोड रूपैयाँभन्दा बढी खर्चेर निर्माण भएको पालिकास्तरीय अस्पताल भवन प्रयोगविहीन छ । संघीय सरकारको सबै स्थानीय तहमा आधारभूत तहको अस्पताल सञ्चालन गर्ने कार्यक्रमअनुसार अन्नपूर्ण गाउँपालिकाले दोबामा पाँच शयया क्षमताको अस्पताल भवन निर्माण गरेको दुई वर्ष बितिसक्दा पनि प्रयोगविहीन भएको हो ।

आठ वटा वडा रहेको अन्नपूर्णका सबै वडाका बासिन्दालाई पायक नहुनु, जनशक्ति र उपकरणको अभाव तथा भवन रहेको ठाउँसम्म पुग्ने सडकको जीर्ण अवस्थाका कारण भवन प्रयोग र अस्पताल सञ्चालन हुन नसकेको अन्नपूर्ण-१ का वडाध्यक्ष दिलीप गर्बुजाले बताए ।

'सरकारी मापदण्डअनुसार अस्पतालका लागि आवश्यक पर्ने जग्गा अन्य वडामा नपाएपछि दोबामा अस्पताल बनाउने निर्णय भएको हो,' उनले भने, 'भवन प्रयोगमा ल्याउन सबैभन्दा पहिले बेनी-जोमसोम सडकको भिरकाटेदेखि दोबासम्मको सडक स्तरोन्नतिका लागि संघीय र प्रदेश सरकारसँग पहल गरेका छौं ।'

भवनमा आकस्मिक सेवा कक्ष, अन्तरंग, बहिरंग सेवा, प्रयोगशाला, औषधि भण्डार, उपचारका लागि छुट्टाछुट्टै कक्ष र स्वास्थ्यकर्मी निवाससहित ३५ वटा कोठा रहेको छ । भवन निर्माणका लागि पाँच करोड १२ लाख ६० हजार रूपैयाँमा सम्झौता भएको थियो ।

अस्पतालका लागि आवश्यक पर्ने उपकरण, फर्निचर र भवन घेराबार गर्न धेरै रकम गर्नुपर्ने भएको छ । दोबाका बासिन्दाले अस्पताल निर्माण गर्न १२ रोपनी सात आना दुई दाम जग्गा नि:शुल्क उपलब्ध गराएका थिए । *रासस*

# जन्तेढुंगा पूर्ण खोप सुनिश्चितता गाउँपालिका

**खोटाङ (प्रस)–** जन्तेढुंगा गाउँपालिकालाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपना गाउँपालिका घोषणा गरिएको छ । राष्ट्रिय खोप निर्देशिका अनुसार सर्वेक्षण गर्दा सम्पूर्ण प्रक्रिया पूरा भएपछि उक्त गाउँपालिकालाई औपचारिकरूपमा पूर्ण खोप सुनिश्चितता तथा दिगोपना गाउँपालिका घोषणा गरिएको हो ।

जन्मेदेखि १५ महिनासम्मका १५३ बालबालिकाले नियमित तथा १६ महिनादेखि पाँच वर्षसम्मका ४८७ बालबालिकाले पूर्ण खोप लगाएको पाइएपछि जन्तेढुंगालाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपना गाउँपालिका घोषणा गरिएको स्वास्थ्य कार्यालय खोटाङका क्षयकुष्ठ सुपरभाइजर निरीक्षक सुरेन्द्र बुढाथोकीले जानकारी दिए । खोप अभियानका क्रममा १६ महिनाभन्दा माथिका एक बच्चाले सुरुमा खोपकार्ड लिएर नियमित खोप लगाए पनि बीचमा छुटाएको पाइएकाले ती बच्चालाई समेत पूर्ण खोप उपलब्ध गराइएको जनाइएको छ ।

घोषणासभाको अवसरमा जिल्ला खोप समन्वय समितिका संयोजक एवं जिल्ला समन्वय समिति प्रमुख सनबहादुर राईले पूर्ण खोप सुनिश्चितता तथा दिगोपनाको प्रमाणपत्र गाउँपालिका खोप समन्वय समितिका संयोजक एवं गाउँपालिका प्रमुख अरुणादेवी राईलाई हस्तान्तरण गरे । पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा कार्यक्रमका अवसरमा खोप अभियानमा खटिने स्वास्थ्यकर्मीलाई सम्मानसमेत गरिएको गाउँपालिकाले जनाएको छ ।

दश स्थानीय तह रहेको जिल्लामा चालु आर्थिक वर्षमा पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा हुने सो गाउँपालिका जिल्लाकै दोस्रो भएको छ । दुई नगरपालिका र आठ गाउँपालिका रहेको जिल्लामा यसअघि रावाबेंसी गाउँपालिकाले पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा गरेको थियो ।

खोटेहाङ र ऐसेलुखर्क गाउँपालिकाले पूर्ण खोप सुनिनिश्चतता तथा दिगोपना वडा घोषणा गरेर गाउँपालिका घोषणाका लागि पत्र पठाएको जनाइएको छ । यही जेठ १५ गतेभित्र जिल्ला घोषणा गर्ने तयारी गरिएको जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख जीवनप्रसाद चौलागाईंले जानकारी दिए ।

सरकारले जन्मेदेखि पाँच वर्षसम्मका बालबालिकालाई बिसिजी, दादुरा-रुबेला, पोलियो, जापानिज इन्सेफइटिसलगायतका १४ रोगविरुद्धको खोप नि:शुल्क उपलब्ध गराउँदै आएको छ । खोप कार्यक्रमबाट कोही वञ्चित नहुन भन्ने उद्देश्यले 'स्थानीय स्रोतको उपयोग, स्वामित्व र सहभागिता, पूर्णखोप निश्चितता-हाम्रो प्रतिबद्धता' भन्ने नाराका साथ सरकारले खोप कार्यक्रमलाई पहिलो प्राथमिकतामा राखेर कार्यान्वयनमा ल्याएको हो ।

**मलेसियामा रोजगार** कम्पनी : STRENGTH FORCE SECURITY SERVICES SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०२/०१ | LT. No. 323841 | चलानी नं. ६०२३७७९२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 76 | 0 | 1700 | ५४,३७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ ९ गते (23rd May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Elite Gurkhas Overseas Pvt. Ltd.**
Gongabu Townplanning-26 Kathmandu, Nepal, Tel.: +977-1-4975567, 4975568,
E-mail: proelitegurkhas@gmail.com, Web: www.elitegurkhasoverseas.com
श्रम ईजाजत नं.५३५/०६१/०६२

**MAURITIUS मा रोजगार** कम्पनी : A.K.K Agriculture Co ltd

पूर्व स्वीकृति मिति : २०८१/०२/०९ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०२/०१ | LT. No. 305073 | चलानी नं. ६०२२४१२८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Sugar Can Field Labourer | 50 | 0 | 16500 | ४९,०२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ ९ गते (23rd May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**GLOBAL RELIANCE OVERSEAS SERVICES PVT. LTD**
License No.: 832/066/67
Samakhusi-26, Townplanning (Near Swimming Pool) Kathmandu,
Tel: +977-1-4960523,4957731, Email : greliance010@gmail.com, globalreliance03@gmail.com

**युएइमा रोजगार** कम्पनी : AL ETIMAD OIL AND GAS FIELDS EQUIPMENT MANUFACTURING LLC OPC

पूर्व स्वीकृति मिति : २०८२/०२/०१ | LT. No. 323806 | चलानी नं. ६०२३७७६३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 40 | 0 | 900 | ३३,४५१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Welder (Ironsmith) | 10 | 0 | 1300 | ४८,३१८ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ ९ गते (23rd May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Felicity International Employment Agency Pvt.Ltd.**
P.O.Box: 11603, Samakhushi-03, Jaldhara Marg, Jhilimili Tole, Kathmandu
Tel: + 977-1-4950794 Fax : +977-1-4956420, Email: felicity@infoclub.com.np
Govt. License 226/058/059

**कुवेतमा रोजगार** कम्पनी : KUWAIT OXYGEN COMPANY

पूर्व स्वीकृति मिति : २०८०/१२/१५ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०२/०१ | LT. No. 302738 | चलानी नं. ६०२१७५१८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Ac Technician/maintenance | 5 | 0 | 120 | ५३,२९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaners/labours/helpers | 58 | 40 | 90 | ३९,९६५ | | | | | | | |
| 3 | Electrician/electric Worker | 5 | 0 | 120 | ५३,२९० | | | | | | | |
| 4 | Light Driver | 10 | 0 | 135 | ६०,००० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ ९ गते (23rd May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075

**कतारमा रोजगार** कम्पनी : SIGNATURE BY MARZA

पूर्व स्वीकृति मिति : २०८१/१०/०७ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०२/०१ | LT. No. 317404 | चलानी नं. ६०२३१६३१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiters | 1 | 1 | 1500 | ५६,२४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ ९ गते (23rd May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ९५४/०६७/६८
**VARSHA MANPOWER PVT. LTD.**
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944

**कतारमा रोजगार** कम्पनी : BAB ISHTAR GROUP

पूर्व स्वीकृति मिति : २०८२/०१/३१ | LT. No. 323798 | चलानी नं. ६०२३७७४३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Administrative Assistant | 0 | 4 | 2100 | ७८,७४७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Hotel Services | 0 | 1 | 1100 | ४१,२४९ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ ९ गते (23rd May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SKY STAR RECRUITMENT PVT LTD**
Govt.Lic. No 1078/073/74
Sukedhara- 4, Kathmandu, Nepal, T: 01-5902344 / 5902346
Email:- sky.starlabourdept@gmail.com, Web: www.skystarrecruitment.com

## Bigu Rural Municipality
## Office of the Rural Municipal Executive
**Laduk, Dolakha**
**Bagmati, Province, Nepal**

## Invitation For Bids

**First date of publication:02 Jestha, 2082(16, May, 2025)**

The Bigu Rural Municipality, Laduk, Dolakha invites electronic bids from eligible bidders as below. For further information visit PPMO'S website www.bolpatra.gov.np/egp or visit www.bigumun.gov.np.The summary of contract is tabulated below:

| S. No | Contract Identification No. | Description of Works | Bid Security amount NRs. | Bid document fee (non- refundable) NRs. | Bid validity/Bid security validity period | Last date of bid submission | Last date of bid opening |
|---|---|---|---|---|---|---|---|
| 1. | RE-BRM/SQ/ GOODS/DOLAKHA/ 07/2081/82 | Prakop Byabasthapanka Lagi HDPE Gabion Jali Kharid Hastantaran | NRs. 25,000 | NRs. 1,000 | 45 days/ 75 days | 9th Jestha 2082 at 12:00 Noon | 9th Jestha 2082 at 2:00 P.M. |
| 2 | BRM/SQ/ GOODS/DOLAKHA/ 09/2081/82 | Basa Pashupanchi Tatha Krishak Samuhalai Krishi Upakaran Hastantaran Ward No 6 | NRs. 37,500 | NRs. 1,000 | 45 days/ 75 days | 18th Jestha 2082 at 12:00 Noon | 18th Jestha 2082 at 2:00 P.M. |
| 3. | BRM/NCB/ GOODS/DOLAKHA/ 11/2081/82 | Khaniwalalai Dhunga Katne Machine Bitaran | NRs. 90,000 | NRs. 3,000 | 90 days/ 120 days | 2nd Ashar 2082 at 12:00 Noon | 2nd Ashar 2082 at 2:00 P.M. |

Information to deposit the cost of bid document:NIMB, Singati, Dolakha
Office account Details: 06701400250009 (Rajaswa khata no)

**Acting Chief Administrative Officer**

# प्रभाव दैनिक

शुक्रबार, ०२ जेठ, २०८२ (Friday, May 16, 2025)


## रूपशाला

### मध्यपूर्वी देशहरूमा 'जार'को प्रदर्शन

नेपाल र भारतमा गत शुक्रबारबाट प्रदर्शनमा आएको फिल्म 'जार'ले मध्यपूर्वका देशहरूमा बिहीबारबाट प्रदर्शन थालेको छ । निर्माण कम्पनी फेरि टेल पिक्चर्सले यूएई, कतार र बहराइनमा फिल्म प्रदर्शनमा आएको जानकारी दिएको हो । निर्देशक फुर्वाछिरिङ लामाले यूएईका सहरहरु दुबई, अबुधावी, अज्मान र शारजाहका स्थानीय हलहरूमा फिल्म प्रदर्शनमा आएको बताए । यस्तै कतारको दोहा, बहराइनको मनामालगायत शहरहरूमा पनि 'जार' एकसाथ प्रदर्शनीमा आएको छ ।




# 'हरितारा पुरस्कार' प्रदान



■ प्रभाव संवाददाता

**काठमाडौं–** अभिनेता टिका पहारी र अभिनेत्री रेजीना उप्रतीलाई 'हरितारा चलचित्र पुरस्कार' र चलचित्र पत्रकार बिष्णु सुबेदीलाई 'हरितारा चलचित्र पत्रकारिता पुरस्कार' प्रदान गरिएको छ । बिहिबार राजधानीमा एक समारोहबीच पहारीलाई २०८० तथा उप्रेती र सुवेदीलाई २०८१ सालको पुरस्कार प्रदान गरिएको हो । चलचित्र पुरस्कारमा जनही २५,०००।- र पत्रकारिता पुरस्कारमा १०,०००।- राशी समावेश छ ।

महनोज शम्शेर जवरा संरक्षक तथा अध्यक्ष रहेको 'हरितारा पुरस्कार' चलचित्र क्षेत्रकै पहिलो पुरस्कारका रूपमा स्थापित छ । २०५२ सालमा समाजसेवी विजया राणा (तारानानी)ले आफु र आफ्ना पति हरि शम्शेरको नाममा अक्षयकोष राखि यो पुरस्कारको स्थापना गरेकी हुन् ।

परिवर्तन नेपालको आयोजनमा सम्पन्न कार्यक्रममा 'श्री दुर्गादेवि पूण्य निरौला स्मृति पुरस्कार' र 'परिवर्तन- चलचित्रकर्मी विशेष सम्मान २०८१' समेत अर्पण गरिएको छ । समारोहमा १०,०००।- राशीको 'श्री दुर्गादेवि पूण्य निरौला स्मृति पुरस्कार' कलाकार तथा अधिवक्ता कृष्ण ढुङ्गाना र निर्देशक सम्झना उप्रेती रौनियारलाई प्रदान गरियो ।

यस्तै अभिनेता रविन्द्र सिंह बानिया, निर्देशक अमर ओली, अभिनेता जेबि रुवाली, अभिनेता सविन श्रेष्ठ, अभिनेता गोपाल ढकाल (छन्दे) र अभिनेता सुनिल कटुवाललाई 'परिवर्तन - चलचित्रकर्मी विशेष सम्मान २०८१' बाट सम्मानित गरिएको छ । साथै संचारकर्मी तुलसी गिरी भावुक, संचारकर्मी कृष्ण भुषाल र संचारकर्मी कमला जोशीलाई 'परिवर्तन-चलचित्र पत्रकारिता सम्मान २०८१' अर्पण गरियो ।

कार्यक्रमलाई सम्बोधन गर्दै परिवर्तन नेपालका अध्यक्ष मोहन निरौलाले आ-आफ्नो शिल्पद्वारा आ-आफ्नो बिधामा रचनात्मक योगदान दिँदै आएका चलचित्रकर्मी तथा पत्रकारलाई पुरस्कृत र सम्मानित गर्न पाँउदा गर्वको अनुभूति गरेको जनाएका छन् ।

कार्यक्रमका प्रमुख अतिथी चलचित्र विकास बोर्डका अध्यक्ष दिनेश डिसीले चलचित्र क्षेत्रमा 'हरितारा पुरस्कार'को बेग्लै महत्व स्थापित भएको जनाए । उनले आफूले पनि 'हरितारा चलचित्र पुरस्कार' प्राप्त गरिसकेको जनाउँदै यो पुरस्कार आफ्ना लागि सदैव विशेष महत्वको भएको जानकारी दिए । कार्यक्रमलाई सम्बोधन गर्दै वरिष्ठ अभिनेत्री बुसन्धरा भुषाल र पुरस्कृत व्यक्तित्व अभिनेता टिका पहारीले पुरस्कारको महत्वबारे प्रकाश पारेका थिए ।

पुरस्कारको निर्णायक समितिमा मोहन निरौला, सुन्दर श्रेष्ठ र शान्तिप्रिय रहेका थिए । मायांका राणा सिरोइयाको सभापतिव्वमा भएको कार्यक्रममा चलचित्र विकास बोर्डका पूर्व अध्यक्ष राजकुमार राई, वरिष्ठ अभिनेत्री चैत्य देवी, वरिष्ठ अभिनेत्री मिथिला शर्मा, बरिष्ठ अभिनेता शिव श्रेष्ठ, बरिष्ठ गायिका देविका बन्दना, कलाकार संघका पूर्व अध्यक्ष रबिन्द्र खड्कालगायत विभिन्न संघ संस्थाका अध्यक्ष तथा प्रतिनिधी र चलचित्रकर्मी तथा पत्रकारहरूको उपस्थिति रहेको थियो । देवेन्द्र पाण्डेको संयोजनमा भएको कार्यक्रमलाई माधवराज खरेलले सहजीकरण गरेका थिए ।

आइसिसी महिला टी-२० विश्वकप एसिया छनोट

# बहराइनविरूद्धको जितसँगै नेपालको सुपर थ्रीको सम्भावना कायमै

■ प्रभाव संवाददाता

